


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ पुस ०२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 17 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १११

# छपकैया छठघाट पोखरीमा स्वामित्व कायम गरिंदै

# विरोधका स्वरहरू बन्द, प्रभावमा परेको आरोप

राधेश्याम पटेल, वीरगंज, १ पुस/

विवादित वीरगंज महानगर–२ को छपकैया छठघाट पोखरीको जग्गामा फेरि काम शुरू भएको छ। चाँडै सो जग्गाको पुर्जासमेत बनाइसकेका छन् । बाँकी ६१ कट्ठा जग्गामध्ये दुई कट्ठा इदगाहको लागि र सात कट्ठा छपकैया छठघाटको लागि छुट्याइएको छ । जग्गाधनीहरूले चार किला छुट्याइ पर्खाल लगाउने योजना रहेको बुझिएको छ ।



विवादित वीरगंज महानगर–२ को छपकैया छठघाट पोखरीको जग्गा । तस्वीरः प्रतीक

चार दिनअघि छठघाट पोखरी आफ्नो भनेर दाबी गर्दै आएका स्व प्रमोदविक्रम शाहका छोरा प्रफुल्ल विक्रम शाह र बुहारी पूजा राणा शाहले जग्गामा आफ्नो स्वामित्व कायम गर्न नापी टोलीसहित स्थानीय अलि असगर ठकुराईको कित्ता नं ३ को ५ धुर जग्गा छुट्याउन पुग्दा गाउँलेहरूको भेला भएको थियो । सोही सन्दर्भमा कुराकानी गर्दा जग्गाको अहिले चार किला छुट्याउने काम शुरू भएको चाँडै सबै जग्गा छुट्याएर पर्खाल लगाउने सो जग्गाको कारोबार हेर्दै आएका मुकुल विक्रम शाहले बताए ।

उनले साबिक रैती नं २२ हाल कित्ता नं २१३ को एक बिघा र रैती नं ११ र हाल कित्ता नं ११० को दुई बिघा आठ कट्ठा गरी कुल तीन बिघा आठ कट्ठा जग्गा रहेकोमा नयाँ नापीमा ३ बिघा १ कट्ठा जग्गा कायम देखिएको र सोही अनुसार जग्गामा स्वामित्व कायम गर्ने बताए । सात कट्ठा जग्गा त्यति बेला नै अतिक्रमण गरेर स्थानीयले घर बनाइ सार्वजनिक प्रयोजनको लागि काम लाग्ने इदगाह र छठघाट सौन्दर्यीकरणको लागि करीब ८० लाख रुपैयाँ खर्च गर्ने योजना बनाएका छन् ।

२०७१ सालमा हालका प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर राणाले २५ वर्षदेखि विवादित छपकैया छठघाट पोखरी स्व शाहको हकमा फैसला सुनाएका थिए। जग्गाको स्वामित्वलाई लिएर तत्कालीन वीरगंज नगरपालिकाले २०५१ सालमा पर्सा जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। सोको फैसला २०५२ पुस १७ गते स्व शाहको पक्षमा भएको थियो। पर्सा जिल्ला अदालतका तत्कालीन न्यायाधीश गिरिशकुमार कर्णले फैसला गरेका थिए। फैसलाविरुद्ध वीरगंज नगरपालिकाले २०५३ सालमा तत्कालीन पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन गरेको थियो। २०५४ सालमा तत्कालीन न्यायाधीशद्वय मीनबहादुर रायमाझी र गोविन्दकुमार श्रेष्ठको संयुक्त इजलासले असोज २२ गते स्व शाहकै पक्षमा फैसला सुनाएको थियो। तत्पश्चात् २०५५ सालमा नगरपालिका सर्वोच्च गयो। २०५६ असोज ५ गते सर्वोच्चका न्यायाधीश कृष्णकुमार वर्मा र भैरवप्रसाद लम्सालको संयुक्त इजलासले स्व शाहको पक्षमा फैसला गरेपछि नगरपालिकाका कर्मचारी रामदयाल यादव र शिवसेना पार्टी, पर्साका वीरगंज नगरकमिटी अध्यक्ष हरिशङ्करलाल कर्णले छठघाट पोखरी सार्वजनिक हुनुपर्ने भन्दै पर्सा जिल्ला अदालतमा २०५७ सालमा मुद्दा दायर गरेका थिए । त्यति बेला पनि जिल्ला अदालतले स्व शाहकै पक्षमा फैसला गऱ्यो । त्यसपछि उनीहरू पनि पुनरावेदन अदालत गए र यसपटक भने स्व शाहको विपक्षमा फैसला भयो । त्यसपछि स्व शाह सर्वोच्चमा पुगे र २०७१ भदौ ८ गते न्यायाधीशद्वय दीपकराज गिरी र हालका बहालवाला प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले पुनरावेदनको फैसला बदर गर्दै जिल्लाकै फैसलालाई सदर गऱ्यो। नगरपालिकाका कर्मचारी यादवले त्यस बेला तारिख गुजारेकाले स्व शाहको पक्षमा फैसला आएको कुरा पनि त्यत्ति बेला चर्चामा थियो। यादवले सो मुद्दा नगरपालिकाको तर्फबाट नभई एउटा सर्वसाधारण व्यक्तिको रूपमा दिएकाले उनले तारिख गुजार्दा कारबाईमा परेनन् । त्यसपछि छपकैया–२ का जफर अन्सारीलगायतको समूहले सर्वोच्चमा मुद्दा दिएका थिए । सो मुद्दासम्बन्धी अहिले खुलासा भएको छैन ।

**दुई कित्ता जग्गाबाट अहिले दशजना जग्गाधनी**

छपकैया छठघाट पोखरीको स्वामित्व सम्बन्धमा पर्सा जिल्ला अदालतबाट पहिलोचोटि आफ्नो हकमा फैसला आउना साथ स्व शाहले २०४७ सालमा मालपोत कार्यालय, पर्साबाट सातजनालाई जग्गा बिक्री गरेका थिए। नातेदार अशोक बम मल्लकी पत्नी प्रतिभा बम मल्लको नाममा चार कट्ठा १५ धुर, स्व शाहका माइला भाइ अशोकविक्रम शाहकी पत्नी रोजलिन राणा शाहको नाममा तीन कट्ठा, कान्छा भाइ स्व पवन विक्रम शाहकी पत्नी जुगनु विक्रम शाहको नाममा दुई कट्ठा, बहिनी उषा राणाको नाममा दुई कट्ठा, वीरगंज–१ कै विमला कर्णको नाममा दुई कट्ठा ५ धुर, पर्साका ध्रुव गुप्ताकी पत्नी रीता गुप्ताको नाममा एक कट्ठा चार धुर, जनकपुरकी चन्द्रकला केवटको नाममा १५ धुर गरी १२ कट्ठा जग्गा नामसारी गरिदिएका थिए । त्यसपछि सप्तरी कल्याणपुरकी सावित्रीदेवी महासेठलाई साढे तीन कट्ठा र सिराहाका राजदेव साह सुढीलाई साढे ११ कट्ठा गरी कुल १५ कट्ठा जग्गा २०७२ फागुन २१ गते नामसारी गरेको देखिएको छ ।

अहिले करीब १० जनाभन्दा बढी

(बाँकी अन्तिम पातामा)

## डम्पिङ साइटमा आगो लगाउँदा धूवाँले सास्ती

प्रस, निजगढ, १ पुस/

निजगढ नगरको फोहोरको थुप्रो डम्पिङ साइटमा आगो लगाएर नष्ट गरेसँगै धूवाँले स्थानीयवासीलाई सास्ती भएको छ ।



वारुणयन्त्रको सहयोगमा आगो निभाउँदै निजगढ नपा र सशस्त्र प्रहरी । तस्वीरः जीतलाल श्रेष्ठ

निजगढ नगरको हाटबजार, चोक, घरदैलोबाट निस्किएका फोहरजन्य वस्तुलाई मानवीय तथा वातावरणीय असर नपर्ने गरी उचित व्यवस्थापन गर्ने जिम्मा लिएको ग्रीन क्लिन सिटी संस्था, हेटौंडाले फोहोरको उचित व्यवस्थापन नगर्दा धूवाँले निजगढ नपाको आर्यघाट क्षेत्र, बकैयाटोल, नेवार टोल, ऋसर टोल, शान्तिटोल, बजार क्षेत्र बुद्धचोक, शहीद चोक, भण्डारी टोल, औतार टोल हुँदै हावाको बहावमा निजगढ नगर धूवाँले ढाकिने क्रम बढेको छ। उक्त प्रदूषणलाई नियन्त्रण गर्न निजगढ नपाको वारुण यन्त्रको प्रयोग गरी बिहीवार साँझबाट आगो निभाउने प्रयास गरिएको निजगढ नपाका सूचना अधिकारी रविन घिमिरेले जानकारी दिए ।

सो फोहोरमा लगाइएको आगो निभाउन सशस्त्र प्रहरी सुरक्षा बेस, निजगढका तीनजना प्रहरी जवानसमेत खटिएका छन्। ग्रीन क्लिन सिटी संस्था, हेटौंडाले निजगढ नगरको फोहोरको उचित व्यवस्थापन गर्न केही महीनाअघि ५० लाख रुपैयाँमा निजगढ नपासँग सम्झौता गरेको सूचना अधिकारी घिमिरेले बताए । सो सम्झौता रकम अनुसार सो संस्थाले पाँच वर्षसम्म फोहोरको उचित व्यवस्थापन गर्नुपर्छ। तर यस संस्थाले फोहोर व्यवस्थापन गर्न निजगढ नपासँग सम्झौता गरे पनि पुरानै शैलीमा आगो लगाइ नजीकैको मानवबस्ती, वनक्षेत्र, वातावरणमा प्रदूषण फैलाइरहेको छ ।

फोहोरमा रहेका हानिकारक प्लाष्टिक, मरेका गाईभैंसी, कुकुरका सिनोलगायत स्वास्थ्यका लागि हानिकारक वस्तुलाई जलाइ वातावरण दूषित बनाइएको छ ।

हामीले फोहोरको उचित व्यवस्थापन गर्न भनेर उक्त संस्थालाई जिम्मेवारी दिएका हौं। प्रदूषण फैलिने गरी फोहोर जलाएर नष्ट गरेपछि निजगढ नपाले ग्रीन क्लिन सिटी संस्था, हेटौंडालाई पत्राचार गरेको निजगढ नपाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीले बताए । "हामी छिट्टै फोहोरको उचित व्यवस्थापनमा लाग्छौं," उनले भने । निजगढ नपाको एकमात्र वारुण यन्त्रलाई उक्त डम्पिङ साइटको फोहोरको थुप्रोमा लगाइएको आगो पूर्णरूपमा नियन्त्रणमा लिन शुक्रवार दिनभर लाग्ने अनुमान वारुण यन्त्रका चालक अर्जुन लामाले गरे। फोहोरको आगो निभाउँदा आँखा पोल्ने, श्वासप्रश्वास लिन समस्या हुने गरेको त्यहाँ खटिएका सशस्त्र प्रहरीहरूले बताए ।

निजगढ नपाले बकैया खोलाको पुलदेखि दक्षिणतर्फ करीब तीन सय मिटर दक्षिण र राष्ट्रिय वन क्षेत्रनजीकैको बकैया खोलाबगरको उकास क्षेत्रमा फोहोर थुपार्न डम्पिङ साइट बनाएको छ, जुन कानूनविपरीत रहेको छ ।

## ड्राइपोर्टबाट अनलाइन राजस्व दाखिला सेवा शुरू

प्रस, परवानीपुर, १ पुस/

भन्सार कार्यालयमा अनलाइन राजस्व दाखिलाको सेवा शुभारम्भ भएको छ। पुस १ गतेदेखि नेपालमैं पहिलोपटक वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट विद्युतीय माध्यमबाट राजस्व दाखिलाको सेवा शुभारम्भ भएको हो। भन्सार विभागका महानिर्देशक नारायणप्रसाद सापकोटाले यो सेवाको उद्घाटन गरेका हुन् ।




तस्वीरः प्रतीक

आगामी माघ मसान्तभित्र नेपालका ३९ वटा भन्सार कार्यालयमा यो सेवा लागू गर्ने भन्सार विभागको नीति रहेको भन्सार विभागका निर्देशक मणिराम पौडेलले बताए ।

भन्सार विभागले नेपाल राष्ट्र बैंकको राष्ट्रिय भुक्तानीको सञ्चालनकर्ता नेपाल

(बाँकी अन्तिम पातामा)

# तीन बज्जिका कृति विमोचन गर्दै तीनजनालाई विशेष सम्मान प्रदान

प्रस, गरुडा, १ पुस/

सर्लाहीको गोडैता नगरपालिकामा बज्जिका भाषाका तीनवटा कृति एकसाथ सार्वजनिक गरिएका छन् । सर्लाहीमा बज्जिका भाषाको प्रचारप्रसारमा निरन्तर जुटेका रामचन्द्र महतो कुशवाहाका तीनवटा कृति एकसाथ विमोचन गरिएको हो ।

गोडैता नगरपालिका–३ सिमरा–भगवतीपुरस्थित जनता नमूना माध्यमिक विद्यालयमा वडा नं ३ का अध्यक्ष विजयप्रसाद यादवको सभापतित्वमा प्रमुख प्रशासकीय अधिकृत रमेशकुमार यादव, पूर्व गाविस अध्यक्ष कृष्णकान्त मिश्र तथा कृतिकार कुशवाहा स्वयम्ले कृतिको संयुक्त विमोचन गरेका थिए ।




कार्यक्रममा सम्मानित स्रस्ताहरू । तस्वीरः प्रतीक

सरकारी विद्यालय नाटक, बज्जिका समाज दर्शन कविता सङ्ग्रह र बज्जिका समाज दर्पण प्रेरक प्रसङ्गको एकसाथ सामुहिक विमोचन गरिएको हो । नगरप्रमुख देवेन्द्रकुमार यादव, डा कमलेश्वरकुमार सिन्हा, बज्जिका शिरोमणि सञ्जय साह मित्र, बज्जिका सम्राट किशुनदयाल श्रीकृष्ण, निमित्त

कार्यक्रमको अवसरमा बज्जिकासेवी तथा पूर्व प्रमुख जिल्ला अधिकारी डा कमलेश्वरकुमार सिन्हालाई बज्जिका महारथी, बज्जिका भाषामा पहिलो गोष्ठीको आयोजन गर्ने शिवचन्द्र साहलाई बज्जिका स्तम्भ र बज्जिका साहित्यकारको लागि पुरस्कारको स्थापना गर्ने समाजसेवी धर्मनाथप्रसाद जयसवाललाई बज्जिका रत्नको उपाधि प्रदान गरिएको थियो ।

कार्यक्रममा साहित्यकार तथा भाषासेवीहरू विन्दा साहनी, रेवन्त झा, विपिनबिहारी सिंह, रेणु गुप्ता, रामआधार पासवान, दिनेश यादव सङ्गम, सञ्जय सुदामासहित दर्जनभन्दा बढी भाषासेवी तथा साहित्यकारलाई सम्मानपत्रसहित गम्छा ओढाएर फूलको माला लगाइ सम्मानित गरिएको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै नगरप्रमुख यादवले बज्जिका भाषा आफ्नो मातृभाषा भएकोले यस क्षेत्रमा केही गर्न पाएकोमा सन्तोष लागेको बताए ।

कार्यक्रममा डा सिन्हा, बज्जिका शिरोमणि मित्र, कृतिकार कुशवाहा, कमदेव यादव, शिवचन्द्र साह, सङ्गीता सहनी, किशुनदयाल श्रीकृष्ण, रेवन्त झा, विन्दा सहनीलगायतले मन्तव्य व्यक्त गर्दै बज्जिका भाषा र साहित्यका बारेमा प्रकाश पारेका थिए ।

आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## विचारसार र सूक्तिहरू

**मात्र एकजनाले तपाईंलाई अगाडि लैजान सक्छ र त्यो तपाईं स्वयं हो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.prateekdaily.com


# कहीं नभएको प्रशासन सुपौलीमा

**'कहीं नभएको जात्रा हाँडी गाउँमा' नेपाली उखान छ । काठमाडौंको हाँडी गाउँमा कहीं नभएको जात्रा निकालिन्छ। हरेक वर्ष कोजाग्रत पूर्णिमाको दिन खटको गजुर उल्टो पारेर सोमाथि देवता राखेर जात्रा निकालिन्छ। देवीदेवताको पूजा आराधना गर्दा सामान्यतया खटको गजुर सुल्टो पारेर गजुरमुनि देवता राख्नुपर्ने हो । गजुर उल्टो पारेर सोमाथि देवता राखिने चलन हाँडी गाउँबाहेक हिन्दू धर्ममा अन्यत्र कहीं नभएको धर्म, संस्कृतिका विज्ञहरूको भनाइ छ। हुनुपर्नेभन्दा विपरीत तथा अनौठो रहेकोले 'कहीं नभएको जात्रा हाँडी गाउँमा' उखान हुन गयो । जिल्ला प्रशासन, इलाका प्रशासन वा कुनै पनि जनसेवाका लागि स्थापित सरकारी सार्वजनिक सेवाका कार्यालयहरूले सेवाग्राहीलाई सहज र सहुलियत दिनु/पुऱ्याउनु पर्ने हो । तर जिल्ला प्रशासन कार्यालय, पर्सा अन्तर्गत जिल्लाकै सुपौलीमा सञ्चालित इलाका प्रशासन कार्यालयले भने सर्वसाधारण सेवाग्राहीलाई अप्ठ्यारो, सास्ती, हैरानी र तनाव मात्रै दिने गरेको छ। जिल्लाको अर्को कुनामा रहेको ठोरीलगायत जीराभवानी, पटेर्वासुगौली र जगरनाथपुर गरी चारवटा गाउँपालिकाका नागरिकलाई सहज होस् भन्ने उद्देश्यले सुपौलीमा इप्रका स्थापना गरिएको हो । तर उक्त कार्यालयले यसको ठीक उल्टो काम गरिरहेको छ ।**

**इप्रकामा सरल किसिमले नागरिकता बनाउने, सोही कार्यालयमा बनेको नागरिकताको छाया कपी प्रमाणित गर्ने र आरक्षित समुदायका लागि प्रमाणपत्र दिने काम हुन्छ । विस्तृत अध्ययन गर्नुपर्ने, प्रमाण बुझ्नुपर्ने वा सर्जमिन गर्नुपर्ने किसिमका कुनै पनि सेवा त्यहाँबाट उपलब्ध हुँदैनन् । जब जोखिम भएको वा अप्ठ्यारा किसिमका काम इप्रकाबाट गर्नु नै छैन भने सरल, सहज प्रकृतिको काम त छिटोछरितो हुनुपर्ने हो । सबै प्रमाण पुगेको वंशजको नागरिकता बनाउन बच्चा काखी च्यापेर एउटी आमा पाँच हप्तादेखि धाइरहेकी छन् । त्यसैगरी, नागरिकताकै लागि एकल महिलाले इप्रका धाएको दुई महीना पुगेछ । इप्रका, सुपौलीमा सेवाग्राहीलाई दुःख दिने सबैभन्दा सजिलो बहाना कूपन बनेको छ । मन नपरेको सेवाग्राहीलाई कूपन दिने र अर्को हप्ता पालो आउँछ भनेर घर पठाइदिने काम कर्मचारीले गरिरहेका छन् । त्यो अर्को हप्ता कहिल्यै आउँदैन। कूपन बोकेर हप्तौं धाउँदा पनि नागरिकता नपाएको उनीहरूको गुनासो एकातर्फ छ भने निवेदन पेस गरेको केही क्षणमा नै नागरिकता बनाएर फर्कने सेवाग्राहीको सङ्ख्या पनि कम छैन। एउटै कार्यालयमा दुईथरीका सेवा । एकै दिन पुगेका सेवाग्राही कसैलाई कूपन, कसैलाई नागरिकता । सेवामा विभेद तथा अनियमितता छ भन्ने कुरा यसबाट छर्लङ्ग हुन्छ ।**

**कार्यालय हप्तामा एक दिन मात्रै खुल्छ। जिल्ला प्रशासन कार्यालय, पर्साबाट प्रशासकीय अधिकृत पठाउने हो । खटाइएको प्रशासकीय अधिकृतलाई चित्त बुझेन वा खटाउनुपर्ने प्रजिअको चित्त बुझेन भने त्यो दिन इप्रकामा प्रशासकीय अधिकृत पुग्दैन । महिला, अपाङ्ग, वृद्ध, असहायलगायतका सेवाग्राहीहरू हाकिम आउँला र काम गरिदेलान् भनेर प्रतीक्षा गरिरहेका हुन्छन् । एक दिन प्रशासकीय अधिकृत वा अन्य कर्मचारी गइदिएनन् भने फेरि एक हप्ता पछि सर्छ । नागरिकको कर खाएर कुर्सीमा बस्नेहरूका लागि यो सामान्य हो । नागरिकता अति आवश्यक परेका सर्वसाधारण हप्तौं हप्ता धाइरहनु ठूलो हैरानी हो । त्यसैले उनीहरू आक्रोश पोख्छन् तर के गर्ने बुझिदिने कोही भए पो ।**

# ओझेलमा नेपाल–चीन सम्बन्ध

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**चिनियाँ बुद्ध धर्मावलम्बीहरूका लागि नेपाल गन्तव्य बन्न सक्दछ । यसको निम्ति हामीले आवश्यक पूर्वाधारको तयारी गर्नु आवश्यक छ । नेपाल–तिब्बत र नेपाल–चीन सम्बन्धबारे नागरिकलाई व्यापक जानकारी गराइनु आवश्यक छ ।**

उत्तरी छिमेकी चीनसँग नेपालको कूटनीतिक सम्बन्ध कायम भएको ६ दशकभन्दा बढी बितिसकेको छ । यस दुई पक्षीय सम्बन्धको एउटा बलियो आधार नेपाल–तिब्ब गहिरो सांस्कृतिक सम्बन्ध पनि हो । चीनको स्वशासित क्षेत्र तिब्बतसित नेपालको १४०० किलोमिटर लामो सिमाना रहेको छ । सन् १९५०–५१ मा चीन अधीन आउनु अघिसम्म तिब्बत एउटा स्वतन्त्र अस्तित्व भएको राष्ट्र थियो । नेपाल–चीन सांस्कृतिक सम्बन्धबारे कुरा हुँदा बौद्ध–धर्म संस्कृतिबारे चर्चा अवश्य पनि हुने गर्दछ तर तिब्बतसित नेपालको घनिष्ठ सांस्कृतिक सम्बन्धबारे चर्चा भइरहेको हुँदैन । यसलाई अर्कोरूपमा विश्लेषण गर्ने हो भने चीनले नेपालसँग सम्बन्धको कुरा गर्दा तिब्बतसँग नेपालको ऐतिहासिक सम्बन्धको कुरा गर्दैन । सीधै चिनियाँ विश्वदृष्टिमा तालमेल गरीकन भृकुटीलाई पनि सोही रूपमा चिनाउन खोज्छ, अर्थात् चीन विगतमा तिब्बत छुट्टै देश थियो भन्ने कुनै सङ्केत गर्न चाहँदैन । चीनले नेपालसँग जसरी व्यवहार गर्न खोजे पनि चीनलाई नेपालले विगतमा तिब्बतसँग कस्तो सम्बन्ध थियो भन्ने कुरा बुझाउन सक्नुपर्दछ। यसले नेपाल–चीन सम्बन्धलाई थप प्रगाढ बनाउन मदत पुऱ्याउने छ ।

फ्रान्सेली इतिहासकार सिल्भा लेवीतो भृकुटीबारे कलम चलाउनुभन्दा पहिले नेपालकी छोरीको विवाह तिब्बती सम्राट्सँग भएको हो भन्ने कुरा नेपालमा शायद कसैलाई ज्ञान पनि थिएन। ईसाको सातौं शताब्दीमा तिब्बतका राजा स्रङ्चङ् गम्पोसँग नेपालकी राजकुमारी भृकुटीको विवाह भएको थियो । विवाहपश्चात् नेपालकी राजकुमारी भृकुटीसँग तिब्बत पुगेका बौद्धमार्गी, कलाकार, धर्मगुरु आदिले तिब्बतमा बौद्ध धर्म प्रवर्द्धन गर्न ठूलो भूमिका निर्वाह गरेका थिए । तिब्बत–नेपाल सांस्कृतिक सम्बन्धलाई स्वीकार गर्न नचाहनेहरू त राजकुमारी भृकुटीलाई लिच्छविराजा अंशुवर्माकी छोरी नमानी अंशुवर्माको मृत्युपश्चात् तिब्बतमा शरण लिन पुगेका उदयदेवकी छोरी साबित गर्न उद्यत देखिन्छन् । नेपालले राजकुमारी भृकुटीलाई राष्ट्रको विभूति मानेर गौरव गर्दै आएको छ त्यसबारे चीनको अनभिज्ञताले हामीलाई यस दिशामा थप प्रेरित भएर अध्ययन–अनुसन्धान गर्न उत्साही गरिरहेको छ । राजकुमारी भृकुटीको तिब्बतसँग सम्बन्ध बौद्ध धर्मको प्रवर्द्धनमा उनको भूमिका र नेपाल–तिब्बत–चीन सम्बन्धको विकासमा उनको योगदानबारे चीनको नयाँ पीढीलाई अवगत गराउनु हाम्रो कर्तव्य हो ।

हामीले तिब्बतसँग सांस्कृतिक, धार्मिक एवं राजनीतिक नाता बिर्सेका छौं । नेपाल बुद्ध जन्मेको देश हो भनेर दाबी गरेर मात्रै हुँदैन । बौद्ध धर्म, संस्कृतिको विकास एवं विस्तारमा हाम्रो भूमिका कस्तो रह्यो ? बौद्ध धर्म–संस्कृतिको इतिहास बोकेको देश र समाजसित हाम्रो सम्बन्ध एवं व्यवहार कस्तो छ ? यस्ता कुरा पनि महत्त्वपूर्ण हुन जान्छ । नेपालले 'एक चीन नीति' लाई समर्थन गर्दै आएको छ । तर इतिहासका गौरवशाली अध्ययनलाई पनि बिर्सन सकिँदैन । तिब्बतसित नेपालको घनिष्ठ बहुआयामिक सम्बन्ध रहिआएको छ। सन् १९५०–५१ मा चीनले तिब्बतलाई आफ्नो नियन्त्रणमा लिनुभन्दा अघिसम्म चीनसित नेपालको प्रत्यक्ष सम्बन्ध थिएन। तिब्बत चीनको अधीनमा आएपछि मात्रै नेपालको सिमाना चीनसँग जोडिन पुगेको हो। तिब्बतलाई आफ्नो नियन्त्रणमा लिने क्रममा चीनले नेपालका पनि कतिपय भूभाग आफ्नो नियन्त्रणमा लिएको दाबी नेपालका र कतिपय विदेशी इतिहासकारहरूको रहेको छ। त्यस अघि अनुल्लङ्घनीय हिमाली शृङ्खला र त्यसदेखि उत्तरको हिमालको किनारसम्म नेपालको सिमाना फैलिएको थियो । हिमालपारिको नेपाली भूभाग टिङ्गरी मैदान त्यस्तो क्षेत्र हो जहाँ नेपालीहरू भेडा च्याङ्ग्रा र चौरी चराउने गर्दथे। तिब्बतको पुरानो नाम भोट हुनु र नेपालका कतिपय जनजातिलाई भोट अथवा भुटिया भन्ने चलन हाल यताका केही वर्षहरूसम्म रहिरहनुले पनि नेपाल तिब्बत सम्बन्धलाई दर्शाउँछ ।

कुनै बेला तिब्बत उपर नेपालको यति प्रभाव थियो कि तिब्बतमा नेपालकै मुद्रा चलनचल्तीमा थियो । ल्हासाको मुख्य व्यापार नेपालमार्फत हुने गर्दथ्यो। थुप्रै नेपालीहरूले ल्हासामा आफ्नो व्यापारिक कोठीसमेत खडा गरेका थिए। तिब्बतसँग नेपालले राजा पृथ्वीनारायण शाह तथा राणा प्रधानमन्त्री जङ्गबहादुरको पालामा युद्धसमेत लड्नुपरेको थियो । थापाथली र वेत्रावत्री सन्धि पनि युद्धकै उपज थियो। इतिहासकार बालचन्द्र शर्माले आफ्नो पुस्तक 'नेपालको ऐतिहासिक रूपरेखा' मा उल्लेख गरे अनुसार भोट अथवा तिब्बत प्राचीनकालदेखि नै मुद्राको निम्ति नेपालको मुखापेक्षी थियो । भोटको बजारमा उपत्यकाका मल्ल राजाहरूकै मुद्राको प्रचलन भएकोले यसले नेपाल उपत्यकामा राणाहरू र नेपाली व्यापारीहरूको पनि लाभ थियो । उपत्यकामा आफ्नो अधिकार भएपछि राजा पृथ्वीनारायण शाहले भोटे बजारमा पनि आफ्नो मुद्रा प्रचलन गर्न खोजेका थिए जसलाई तिब्बतका शासक र जनताले मन पराएन । सम्भवतः पृथ्वीनाराण शाह उपत्यकामा आफूले अधिकार जमाएको कुराको औचित्य भोटद्वारा पनि स्वीकृत गराउन चाहन्थे जुन भोटका लामाहरूलाई मन परेन र युद्ध लड्ने अवस्थासमेत सृजना भयो । एक किसिमले तिब्बतसित नेपालको राजनीतिक सम्बन्ध रहिआएको कुरा यथार्थ हो। आखिर तिब्बतमा बौद्ध धर्म संस्कृतिको निरन्तर विकास भएमा यसबाट नेपाललाई पनि लाभ हुनेछ । चीनले दलाई लामालाई अलग्गै राखेर तिब्बति बौद्ध धर्मलाई प्रवर्द्धन गर्न खोजिरहेको देखिन्छ । उच्च चिनियाँ नेताले तिब्बति बौद्ध धर्मले समाजवादी दर्शनलाई समेत अङ्गीकार गर्ने बताएका थिए । हुन पनि बहुलताको सट्टा एकरूपतामा विश्वास गर्नेहरूले यस्तो तर्क दिनु अस्वाभाविक होइन । आठौं शताब्दीको उत्तरार्धतिर तिब्बती साम्राज्य उत्कर्षमा पुग्दा तत्कालीन सम्राटले सन् ७७९ मा बौद्ध धर्मलाई राज्यको आधिकारिक धर्मको मान्यता नै दिएका थिए। तत्कालीन सम्राट्को नियन्त्रणमा भिक्षु शान्तरजित बौद्ध धर्म प्रवर्द्धनका लागि सन् ७६३ मा पहिलोपटक तिब्बत पुगेका थिए । भनिन्छ उनकै सहयोगमा तिब्बतमा पहिलो बौद्ध गुम्बा निर्माण गरिएको थियो ।

भारतको गुप्त तथा पाल राजाहरूले पाँचौं शताब्दीमा स्थापना गरेका बौद्ध विश्वविद्यालयको पुस्तकालय तथा ग्रन्थहरू नै तिब्बतमा पनि प्रयोगमा थियो। नालन्दा विश्वविद्यालयबाट छ सयभन्दा बढी हस्तलिखित तथा साढे ६ सयजति पुस्तक लिएर चिनियाँ विद्वान् स्वान च्वाङ् सातौं शताब्दीमा तिब्बत पुगेका थिए । संस्कृत भाषाका ग्रन्थहरूलाई तिब्बति भाषामा अनुवाद गर्ने काम भारतीय तिब्बती तथा चिनिया हान भिक्षु विद्वान्हरूले गरेका थिए। यसरी भारत, नेपाल र तिब्बतको साझा सहयोग समन्वय एवं सद्भावबाट नै यहाँ बौद्ध धर्म, संस्कृतिको विकास भएको थियो ।

चिनियाँ बुद्ध धर्मावलम्बीहरूका लागि नेपाल गन्तव्य बन्न सक्दछ। यसको निम्ति हामीले आवश्यक पूर्वाधारको तयारी गर्नु आवश्यक छ। नेपाल–तिब्बत र नेपाल–चीन सम्बन्धबारे नागरिकलाई व्यापक जानकारी गराइनु आवश्यक छ। चीनमा विगत साढे सात दशकदेखि कम्युनिस्ट पार्टीको शासन रहेको छ । कम्युनिस्ट शासकहरू एकता होइन, एकरूपतामा विश्वास राख्छन्। नारामा समरूपताको कुरा गरेपनि व्यवहारमा भने एकरूपता नै मन पराउँछन् । एउटै हान जाति र एउटै ताओ धर्मको मान्यतामा विश्वास राख्ने चीनको कम्युनिस्ट सरकार बहुलवाद स्वीकार गर्न सक्दैन। नेपालमा लुम्बिनीको विकासको निम्ति उसले देखाएको चासो बौद्ध धर्म र संस्कृतिको विकासभन्दा पनि भारतको ठूलो बजारतिर उसको अर्जुनदृष्टि छ। चीन जस्तो विश्वको उदाउँदो शक्ति राष्ट्रसित सुमधुर सम्बन्ध बनाउनुको विकल्प छैन। हामी मित्र फेर्न सक्छौं तर छिमेकी रोज्न सक्दैनौं। चीनले गरेको आर्थिक प्रगतिबाट हामीले शिक्षा लिनुपर्दछ तर तिब्बतसितको हाम्रो सांस्कृतिक सम्बन्धको पनि चर्चा हुन आवश्यक छ । नेपाल एउटा लोकतान्त्रिक देश हो। यहाँ लोकतन्त्र र मानव अधिकारमाथि विश्वास राख्नेहरूको सम्मान हुनु स्वाभाविक हो साथै लोकतन्त्र र न्यायको पक्षमा लागेकाहरूप्रति हाम्रो सद्भाव पनि हुन आवश्यक छ। नेपाल तिब्बत सम्बन्धको सकारात्मक चर्चाले नेपाल–चीन सम्बन्ध पनि बलियो हुनेछ ।

# घाइते वृद्धको उपचारको क्रममा मृत्यु

प्रस, निजगढ, १ पुस/

निजगढ नपा–११ रतनपुरका ६५ वर्षीय गम्भीरा राउतको उपचारको क्रममा मृत्यु भएको निजगढ प्रहरीले जनाएको छ । घाइते राउतलाई सोही ठाउँका २२ वर्षीय अनिल थिङले दुई साताअघि घरेलु हतियार हँसियाले टाउकोमा प्रहार गरी गम्भीर घाइते बनाएका थिए ।

नजीकैको बुद्ध तपोवन सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा घाँस काट्न गएका बेला थिङ्ले आफ्नै साथमा बोकेको हँसियाले वृद्ध राउतलाई प्रहार गरी गम्भीर घाइते बनाएको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ।

हँसिया प्रहार गरी फरार रहेका थिङ्लाई निजगढ नपा–१० लालस्थित फास्ट ट्र्याक आसपासको वन क्षेत्रबाट प्रहरीले सोही राति पक्राउ गरेको थियो।



अस्पतालमा मृतकका परिवारजन । तस्वीरः प्रतीक

गम्भीर घाइते राउतको गत मङ्सिर २६ गते राति ९:३० बजे सिनामङ्गलस्थित काठमाडौं मेडिकल कलेजमा मृत्यु भएको इप्रका, निजगढका निमित्त प्रमुख एवं प्रहरी नायब निरीक्षक सञ्जय यादवले जानकारी दिए।

## बिराला र गिद्ध हटे यही व्यवस्था राम्रो

पाठक प्रतिक्रिया

२९ गते प्रतीकमा सुदर्शनराज पाण्डेको लेख 'बहुदलीय संसदीय व्यवस्था : नेपाल र नेपालीको लागि अभिशाप' पढें। जे कुरा अन्यत्र सही भयो, त्यो यहाँ किन सही हुँदैन ? यो तथ्य केलाउनुपर्छ, व्यवस्थालाई नै खारेज गर्ने सोच राख्नुहुँदैन। बेलायत संसदीय व्यवस्थाको जननी हो । त्यहाँ त यो बिल्कुल ठीकठाक छ । भारतमा पनि एक हदसम्म यो खारेज गरिने खालको छैन ।

तर हामीकहाँ किन अफाप भयो ? यसको कारण मात्र दुईवटा छन्– सिद्धान्त र निष्ठाको कमी तथा भ्रष्टाचार । सत्तालिप्सा, सम्पत्ति र सन्ततिको मोहले नेता बिग्रेका छन् । बिग्रेका नेता वरिपरि दलाल झुम्मिएर नेताको इमानदारी र निष्ठा धुजाधुजा हुन्छ । कर्पोरेटतिरको झुकाव दलालतिरको झुकाव होइन ।

जनताको स्वतन्त्रता, अधिकार र राष्ट्रिय सुरक्षाको जुन कुरा उठाइएको छ, त्यो कुन व्यवस्था हो, थाहा भएन । तर यही तीन त बहुदलीय संसदीय व्यवस्थाको ध्येय हो । निश्चितरूपमा चीनको व्यवस्थामा उपर्युक्त तीन तत्त्व पाइँदैन। अतः यो व्यवस्था बदले पनि केही हुनेछैन । नीति, निष्ठा र इमानदारी अँगालियो भने यही व्यवस्था अनुकरणीय बन्नेछ। दिक्कत के भई दियो भने दूधको साक्षी बिरालो र मासुको रखवाला गिद्ध भइदिएको छ । यी बिरालो र गिद्धहरूलाई हटाउनुस्। जनताले दूध र मासु यसै व्यवस्थामा पाउनेछ ।

डा. शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## आर्थिक विकासप्रति हाम्रो धारणा के सही छ ?

आर्थिक विकासको सन्दर्भमा हामी निकै पछाडि परेपछि हामीले हाम्रो आर्थिक विकासप्रति धारणा परीक्षण गर्नु र त्यस उपर चर्चा-परिचर्चा गर्नु उपयुक्त हुन आउँछ । आउनुहोस् यस आलेखमार्फत त्यस उपर परिचर्चा गरौं ।

आर्थिक विकासप्रति हाम्रो धारणा नितान्त गलत छ। समग्रमा भन्ने हो भने दक्षिण एशियामा नै आर्थिक विकासप्रति गलत जनधारणा छ। आर्थिक विकासका लागि हामी कर्ता (Actor) पहिले पक्ष वा स्वयं वा स्थानीयलाई मान्दैनौं। कुनै पनि किसिमको आर्थिक विकासको लागि हामी कर्ता दोस्रो पक्ष वा बाह्य शक्ति वा सरकारलाई मान्छौं। आर्थिक विकासमा स्थानीयको भूमिका शून्य बराबर देख्छौं। र हाम्रो यस्तो अवधारणा एक वा दुई सय वर्ष पुरानो होइन, हजारौं वर्ष पुरानो हो। हाम्रो आर्थिक विकासको प्रमुख बाधक पनि यही जनधारणा हो ।

आर्थिक विकासको लागि स्थानीयलाई जिम्मेवार नमान्ने अवधारणाको विकास कहिलेदेखि भएको हो ? सर्वप्रथम यसबारे चर्चा गरौं । यो अवधारणाको विकास राजारजौटाहरूको पालादेखि भएको हो।

दक्षिण एशियाका सबै देशमा राजा महाराजा थिए । अर्थात् दक्षिण एशिया हजारौं राज्य वा राष्ट्रहरूमा बाँडिएको थियो। नेपालमा पनि अनेक राजारजौटा थिए। छिमेकी मुलुक भारत, जुन अहिले एक सङ्गठित राष्ट्रको रूपमा रहेको छ, अनेक राष्ट्रहरूको सङ्गठित समूह हो। भारतको त वर्तमान प्रत्येक राज्य, उत्तर प्रदेश होस् वा महाराष्ट्र, भित्र अनेक राष्ट्र थिए । ती राष्ट्रहरूलाई अनेक राजाहरूले नेतृत्व प्रदान गर्थे। राजाहरू आआफ्ना देशका प्रमुख शासक हुन्थे। देशको सुरक्षा र आर्थिक विकासमा राजाहरूको मात्र केन्द्रीय वा महत्त्वपूर्ण भूमिका हुन्थ्यो। यस्तै स्थिति नेपालको उत्तरी छिमेकी चीन, मङ्गोलियासम्म थियो।

दक्षिण एशिया र प्रमुखरूपमा भारत र नेपालका नागरिक लामो समयसम्म राजाको अधीनमा रहेको ताजा इतिहास छ। नेपालमा त २०६३ सालसम्म पनि राजतन्त्र थियो । भारतमा सन् १९४७ मा राजतन्त्र (विभिन्न राज्यहरूमा) समाप्त भए पनि १९६० को दशकसम्म केही स्थानहरूमा राजतन्त्र सक्रिय थियो। दक्षिण एशियामा लामो समयसम्म राजतन्त्र रहेको र राजतन्त्रको अवधिभर प्रत्येक स्थानका नागरिकले आफ्नो स्थानको आर्थिक विकासको लागि राजा वा राजदरबारलाई जिम्मेवार मानेको हुनाले यो क्षेत्रमा आर्थिक विकासको गति अति नै सुस्त हुन पुगेको हो। राजतन्त्र रहेको बेला स्थनीय विकासका लागि स्वयं त्यहींका बासिन्दा कहिले पनि सक्रिय भएनन्। हुनत राजतन्त्रको बेला स्थानीय बासिन्दालाई स्थानीय स्रोत एवं साधन प्रयोग गर्ने अधिकार पनि थिएन। राजा वा राजदरबारको आदेशविना कसैले कुनै पनि किसिमको विकास एवं निर्माणका कार्यहरू गर्न पाउँथेनन् । यसरी उक्त सक्रिय राजतन्त्र वा विभिन क्षेत्रहरू राजाद्वारा नियन्त्रित भएको बेला विकासका लागि नीति, योजना र स्रोत आदि राजदरबारबाट आउने परिपाटी थियो। जनसहभागिता शून्य थियो।

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**आय सृजना गर्ने कार्य जनताको हो, सरकारको होइन। सरकार माध्यम मात्र हो। अर्थात् नागरिकले भुक्तान गरेको कर नै राष्ट्र, राज्य वा सरकारको लागि आयको स्रोत हो। तसर्थ मौरीले मह सृजना गरेझैं नागरिकले पनि आय सृजना गर्नुपर्छ।**

तर आश्चर्यजनक कुरा त के रह्यो भने दक्षिण एशियाका विभिन्न क्षेत्रहरूबाट राजतन्त्र अन्त्य भए तापनि जनताको मनोमस्तिष्कबाट राजतन्त्र अन्त्य भएन । जनताले यो पछिल्लो राजतन्त्र समाप्त भएको स्थितिमा पनि, स्थानीय विकासको लागि जिम्मेवार केन्द्रलाई, केन्द्रीय सरकारलाई नै देख्यो, आफ्नो भूमिका देखेन । स्थानीय विकासमा आफ्नो भूमिका नदेख्ने र केवल केन्द्र वा सरकारलाई देख्ने रोगले दक्षिण एशियालाई अहिले पनि छाडेको छैन। नेपालमा त झन् यो रोगले जरा नै गाडेको छ। हामी कहाँ आफ्नो घरिभित्रको फोहर सडकमा फालेर त्यो फोहर सरकारले सोहोर्नुपर्ने माग गर्नेहरूको कमी छैन।

भारतमा चलेको लामो समयसम्मको अङ्ग्रेजहरूको शासनले पनि आर्थिक विकासमा स्थानीय भूमिकालाई शून्य पार्ने कार्य गऱ्यो। हुनत अङ्ग्रेजको भूमिका पनि नियन्त्रणकारी थियो। स्थानीय स्रोत र साधनमाथि उनीहरूको पूर्ण नियन्त्रण थियो । यसरी अङ्ग्रेजहरूको नियन्त्रणकारी भूमिकाले पनि दक्षिण एशियाका नागरिकलाई विकासको लागि कर्ता स्थानीय स्वयं हो भनी सोच्ने अवसर दिएन । तर दक्षिण एशियाबाट अङ्ग्रेजहरू गएको वर्षौं भए तापनि विकासका लागि केन्द्रलाई जिम्मेवार देख्ने मनोविज्ञान अहिले पनि दक्षिण एशियाबाट गएको छैन।

विश्व जनसङ्ख्याको ठूलो हिस्सा रहेको दक्षिण एशियामा अति गरीबी व्याप्त हुनुको प्रमुख कारण आर्थिक विकासको लागि स्थानीयले आफूलाई कर्ता नदेख्नु हो । यो कारणले गर्दा दक्षिण एशियामा व्याप्त गरीबी सोचे अनुसार कम हुन सकेको छैन । भारतमा अहिले पनि करोडौंको सङ्ख्यामा नागरिक झोपडपट्टीमा बस्नुपर्ने स्थितिमा कमी आउन सकेको छैन।

नेपालमा त आर्थिक विकासका लागि स्थानीयले आफूलाई केन्द्रीय वा कर्ताको भूमिकामा नदेख्ने भावनाले त जरा नै गाडेको छ । यो भावनाले अहिलेसम्म पनि हामीलाई डरलाग्दो गरी सताएको छ।

आर्थिक विकासको अवधारणाले भन्छ- स्थानीय विकासको लागि जिम्मेवार पक्ष स्थानीय स्वयं हो। स्थानीय स्रोत र साधनको प्रभावकारी उपयोगका लागि विभिन्न किसिमका कार्यक्रम, नीति, योजना आदि निर्माण गर्ने र तिनको उपलब्धिपूर्ण कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय बासिन्दाकै हो, केन्द्रको होइन । स्थानीयले नै प्रमुख जिम्मेवारी लिनुपर्छ। उदाहरणका लागि आर्थिक विकासको हिसाबले नेपालको कर्णाली क्षेत्र निकै पछाडि छ। तर यो क्षेत्रको आर्थिक विकासका लागि यस क्षेत्रका बासिन्दा नै सक्रिय हुनुपर्छ। यो क्षेत्रको विकासको लागि केन्द्र वा काठमाडौंलाई जिम्मेवार ठहर गरेर हुँदैन। र यस्तो किसिमको सोच राखेसम्म यो क्षेत्रको विकास हुन सक्तैन। यो क्षेत्रको विकासका लागि आवश्यक पर्ने कोषको सृजना पनि यस क्षेत्रकै बासिन्दाले गर्नुपर्छ। कर्णाली क्षेत्रका अनेक स्रोतको प्रयोग गरेर यस क्षेत्रका लागि निममित र भरपर्दो आय सृजना गर्ने कार्य केन्द्रको होइन, स्थानीयको हो । तर हामी कहाँ स्थिति विपरीत छ।

राष्ट्रिय आर्थिक विकासका लागि आवश्यक अनेक महत्त्वपूर्ण पक्षमध्ये एउटा महत्त्वपूर्ण पक्ष, आयप्रति पनि हाम्रो अवधारणा उचित छैन । हामी आयको सृजनाकर्ता सरकारलाई देख्छौं। विकास एवं निर्माणका लागि कोषको निर्माण सरकारले गरिदेओस् भन्ने चाहना राख्छौं । विकास एवं निर्माणका लागि हामीलाई आवश्यक पर्ने कोष सरकारले उपलब्ध गराओस् भन्ने हाम्रो माग र चाहना रहन्छ।

आय सृजना गर्ने कार्य जनताको हो, सरकारको होइन। सरकार माध्यम मात्र हो । अर्थात् नागरिकले भुक्तान गरेको कर नै राष्ट्र, राज्य वा सरकारको लागि आयको स्रोत हो । तसर्थ मौरीले मह सृजना गरेझैं नागरिकले पनि आय सृजना गर्नुपर्छ। राष्ट्रको लागि आय सृजना गर्ने प्रमुख दायित्व नागरिकको हो, स्थानीयको हो।

नागरिकले कर भुक्तान गरेर स्थानीय एवं केन्द्रीय विकासका लागि आय सृजना गर्नुपर्छ । यस प्रकार राष्ट्रको लागि आवश्यक आय वा कोष सृजना गर्ने प्रमुख दायित्व नागरिकको हो, नेता, सरकारी कर्मचारी वा सरकारको होइन । नागरिकले निर्माण गरिदिएका कोषहरूको उचित प्रयोग होस् भनी निगरानी गर्ने कार्य मात्र सरकारको हो।

नागरिक धनी भए मात्र देश पनि धनी हुन्छ। नागरिकले भुक्तान गरेको करको जगमा नै आर्थिक विकासका ठूला-ठूला संरचना आकाश छुनेगरी ठडिएका हुन्छन्।

राष्ट्रको लागि आय सृजना गर्ने कार्य सरकारको होइन। तर गरीब राष्ट्रहरूमा सरकारले अनेक दाता राष्ट्र वा अन्तर्राष्ट्रिय सङ्घ-संस्था (विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष आदि) सँग आर्थिक सहयोग लिने गरेको र सो संस्थाहरूबाट प्राप्त कोषको उपयोग विकास एवं निर्माण कार्यमा गर्ने गरेकोले राज्यको लागि आय सृजना गर्ने कार्य सरकारको भन्ने धेरै व्यक्तिहरूमा अहिले पनि भ्रम छ । विकसित वा धनी राष्ट्रहरूले यस्ता सङ्घ संस्थाहरूबाट आर्थिक सहयोग वा ऋण लिंदैनन् र राष्ट्रका लागि आवश्यक पर्ने कोषको निर्माण स्वयं गर्छन्। र यस्ता कोषको निर्माण जनताले भुक्तान गरेको करबाट भएको हुन्छ।

राष्ट्रको आर्थिक विकास जनताले भुक्तान गरेको करबाट नै हुन्छ । यस किसिमले, जनता नै राष्ट्रिय आर्थिक विकासको मूल स्तम्भ हो। यो नै आर्थिक विकासको मूल मन्त्र पनि हो।

## उच्चस्तरको इन्टरनेट सेवा शुरू

काठमाडौं, १ पुस/रासस

नेपालमा पनि अब विश्वका अन्य मुलुकहरूभन्दा पनि उच्चस्तरको इन्टरनेट सेवा उपलब्ध हुने भएको छ। नेपालको ठूलो इन्टरनेट सेवा प्रदायक वर्ल्डलिङ्कले पहिलोपटक ६०० एमबिपिएस गतिको इन्टरनेट भित्र्याएपछि इन्टरनेटका क्षेत्रमा नेपालले ठूलो फड्को मार्न सक्ने बताइएको छ।

विश्वमा हाल औसत इन्टरनेटको स्पीड ८० एमबिपिएस हाराहारीमा रहेको छ भने नेपालमा औसत स्पीड २२ एमबिपिएस छ। वर्ल्डलिङ्कले नयाँ योजना सार्वजनिक गरेसँगै नेपालको औसत स्पीड पनि ८० एमबिपिएस पुग्ने अपेक्षा गरिएको छ।

उपभोक्तालाई सुपथ मूल्यमा उच्च गतिको इन्टरनेट सेवा दिने उद्देश्यसहित यो प्याकेज ल्याइएको वर्ल्डलिङ्कले जनाएको छ। यसमा नोकिया बेकन ३.० राउटर प्रयोग हुने वर्ल्डलिङ्कका प्रमुख कार्यकारी अधिकृत केशव नेपालले जानकारी दिए। योसँगै वर्ल्डलिङ्कको इन्टरनेट स्पीड अब कम्तीमा पनि १५० एमबिपिएस हुने उनले बताए । उनी भन्छन्- "उपभोक्ताले पहिलेको भन्दा पनि सस्तो मूल्यमा कम्तीमा पनि १५० एमबिपिएस गतिको इन्टरनेटको अनुभव गर्न पाउनेछन्।"

वर्ल्डलिङ्क सधैं उपभोक्तालाई सस्तो मूल्यमा गुणस्तरीय इन्टरनेट सेवा दिन प्रयासरत रहेको उल्लेख गर्दै वर्ल्डलिङ्कका निर्देशक मनोज अग्रवालले नेपालको इन्टरनेट स्पीडलाई विश्वमैं प्रतिस्पर्धी योजना बनाउने अनुरूप नयाँ योजना सार्वजनिक गरेको बताए । घरायसी उपभोक्ताले अब वार्षिक १४,४०० अर्थात् मासिक १,२०० मा १५० एमबिपिएस गतिको इन्टरनेट उपभोग गर्न पाउनेछन्। १५० एमबिपिएससहित २२५ र ३०० एमबिपिएस गतिको इन्टरनेट पनि पहिलेको भन्दा कम मूल्यमा उपभोग गर्न पाइने कम्पनीले जनाएको छ।

उच्च गतिको इन्टरनेट स्पीडले उपभोक्तालाई घरमैं बसेर कार्यालयको काम गर्न, भिडियो हेर्न, अनलाइन कक्षामा संलग्न हुनुका साथै विभिन्न गेम खेल्नका लागि पनि निकै सहज हुने निर्देशक अग्रवाल बताउँछन्। वर्ल्डलिङ्कका हालका प्रयोगकर्ताले नयाँ योजनामा सहजै सहभागी हुन सक्ने तर यसका लागि डुअल ब्यान्ड भएको राउटर आवश्यक पर्नेछ।



यो योजनाले इन्टरनेट सेवाग्राहीको वाई-फाई कभरेज, स्पीड कम हुने समस्या समाधान गर्ने कम्पनीको विश्वास रहेको छ। उपभोक्तालाई गुणस्तरीय सेवाको प्रत्याभूति गर्न वर्ल्डलिङ्कले मरम्मत सेवा प्रभावकारी बनाउँदै लगेको प्रमुख कार्यकारी अधिकृत नेपालले बताए।

हाल ५६५ हजार परिवारलाई इन्टरनेटसँग जोडेको वर्ल्डलिङ्कले तीन वर्षभित्र देशभरका पालिकाका ९५ प्रतिशत वडास्तरमा पुग्ने लक्ष्य रहेको बताउँदै सरकारले विपन्न गरीबको पहिचान हुने परिचयपत्र प्रदान गरेको अवस्थामा उनीहरूसम्म इन्टरनेट पहुँच पुऱ्याउन कम्पनी तयार रहेको बताए। उनका अनुसार हाल देशका ७५ जिल्लामा वर्ल्डलिङ्कमार्फत इन्टरनेट सेवा पुगेको र कर्णालीका प्रत्येक गाउँपालिकामा सेवा विस्तार गरिएको छ। देशका विभिन्न १५ हजार स्थानमा निश्शुल्क 'फ्री वाई-फाई' सेवा सञ्चालन गरिएको बताउँदै उनले यसलाई ग्रामीण क्षेत्रमा विस्तार गरी विपन्न समुदायमा इन्टरनेटको पहुँच विस्तार गर्न लागिएको जानकारी दिए।

सरकारको डिजिटल नेपालको अवधारणा सफल बनाउन पनि देशभर गुणस्तरीय इन्टरनेट सेवा विस्तार गर्नु आवश्यक रहेको निर्देशक अग्रवालले बताए। उनले भने-"हाल धेरै इन्टरनेट सेवा प्रदायकहरूले घरघरमा फाइबर जडान गरेका छन् तथा ठूला शहरहरूमा मात्र फिक्स्ड ब्रोडब्यान्ड सेवाहरू सीमित रहेको अवस्थामा हामीहरू गाउँगाउँमा पुगेर सेवा विस्तार गरिरहेका छौं।"

**निर्मल पूर्जा सद्भावना दूत**

आठ हजारभन्दा अग्ला विश्वका १४ वटै हिमाल सात महीनामा आरोहण गरी विश्व कीर्तिमान कायम गर्न सफल निर्मल पूर्जालाई वर्ल्डलिङ्कले आफ्नो सद्भावना दूत नियुक्त गरेको छ । राजधानीमा आयोजित एक कार्यक्रममा वर्ल्डलिङ्कले पूर्जालाई सद्भावना दूत नियुक्त गरेको हो । पूर्जाको हिमाल आरोहणसम्बन्धी कथामा आधारित वृत्तचित्र 'फोर्टिन पिक्स : नथिङ इज इम्पोसिबल' केही दिनअघि नेटफ्लिक्समार्फत विश्वभर प्रसारण भएको थियो।

## जर्मनीद्वारा नेपाललाई ४१ लाख खोप हस्तान्तरण

काठमाडौं, १ पुस/रासस

जर्मनी सरकारले नेपाललाई कोरोना भाइरसविरुद्ध ४१ लाख खोपको मात्रा हस्तान्तरण गरेको छ । मन्त्रालयमा बिहीवार आयोजित कार्यक्रममा नेपालका लागि जर्मनीका कार्यवाहक राजदूत डा स्टेफन रसेकले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडालाई उक्त खोप हस्तान्तरण गरेका हुन्।

मन्त्री खतिवडालाई उनले कोभ्याक्स सुविधा अन्तर्गत ४१ लाख ४२ हजार २५० खोपको मात्रा हस्तान्तरण गरेका हुन्। तीमध्ये २१ लाख ७६ हजार ६५० मात्रा जोन्सन एन्ड जोन्सन र १९ लाख ६५ हजार ६०० मात्रा मोडर्ना रहेका छन्। हस्तान्तरण समारोहमा मन्त्री खतिवडाले जर्मनीले उपलब्ध गराएको खोपले सरकारको लक्ष्य पूरा गर्न मदत पुग्ने बताए । कोभिड-१९ को प्रारम्भिक अवस्थादेखि नै रोकथाम र नियन्त्रणमा जर्मन सरकारले निरन्तर सहयोग उपलब्ध गराउँदै आएको भन्दै उनले आज




तस्वीरः सौजन्य

उपलब्ध गराएको खोपले नेपाल र जर्मन सरकारबीच द्विपक्षीय सम्बन्धमा अर्को ईँटा थपेको बताए।

"कोभिड-१९ को परीक्षणसम्बन्धी सूचना व्यवस्थापन, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनमा उपलब्ध गराइएको सहायतासमेत सराहनीय छ"- मन्त्री खतिवडाले भने-"जर्मनी सरकारका तर्फबाट प्राप्त अन्य स्वास्थ्य उपकरण र सामग्री उपयोगी छन्।" नेपालमा स्वास्थ्यबीमाको शुरूआत र संस्थागत गर्न, अस्पताल तथा स्वास्थ्य संस्था निर्माण गर्न, स्वास्थ्य सूचना प्रणाली संस्थागत गर्न तथा समग्र स्वास्थ्य प्रणाली सदृढीकरणका लागि जर्मन सरकारले पुऱ्याएको सहयोग स्वागतयोग्य रहेको उनले बताए।

भूकम्प पश्चात् पुन:निर्माण अन्तर्गत जर्मनी सरकारको सहयोगमा गोरखा, जिरी र रामेछापमा अस्पताल निर्माण सम्पन्न भई हस्तान्तरण गरिसकेको मन्त्री खतिवडाले जानकारी दिए। यस्तै जर्मनी सरकारले रिकभरी-२ कार्यक्रम अन्तर्गत दोलखाको भीमेश्वर स्वास्थ्य चौकी, भक्तपुरको झौखेल स्वास्थ्य चौकी, साँखु प्राथमिक अस्पताल र बझाङको मेलबिसौनी स्वास्थ्य चौकी निर्माणका

(बाँकी चौथो पातामा)

## सुनको मूल्य बढ्यो

काठमाडौं, १ पुस/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु ७०० ले बढेर रु ९३ हजार पुगेको छ । पहेंलो धातु अघिल्लो दिन प्रतितोला रु ९२ हजार ३०० मा कारोबार भएको थियो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार तेजाबी सुनको आजको मूल्य प्रतितोला रु ९२ हजार ५०० कायम भएको छ जसको मूल्य बुधवार प्रतितोला रु ९१ हजार ८०० तोकिएको थियो।

त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु २५ ले बढेर रु एक हजार २३५ तोकिएको महासङ्घले जनाएको छ। अन्तर्राष्ट्रिय



बजारमा आज सुन प्रतिऔंस एक हजार ७८३ डलर आसपास कारोबार भइरहेको छ।

# बढ्दो बेरुजु : आर्थिक अनुशासनहीनताको पराकाष्ठा

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आर्थिक अनुशासन, वित्तीय पारदर्शिता र जवाफदेहिता पालना नभएमा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने वास्तविकता हो । कमजोर व्यवस्थापनका कारण तोकिएको प्रक्रियाको पालना नहुँदा लक्षित वर्गले विकासको फल प्राप्त गर्न सक्दैन ।**

साधारणतया कुनै पनि देशको अर्थतन्त्रमा हुने अनियमितता आर्थिक भ्रष्टाचार हो। यस्तो भ्रष्टाचार नेतृत्वको गैरजिम्मेवारी, अनुत्तरदायित्व र पारदर्शिताको अभावमा निर्भर गर्छ। वस्तुतः आर्थिक भ्रष्टाचार सामाजिक कुरीति हो । यस्तो भ्रष्टाचारले देशको अवस्था अधोगतिमा पुऱ्याउने आधार बनाउँछ । यसको व्यवस्थापन सरकारले गर्छ। हाल नेपाल आर्थिक भ्रष्टाचारको दलदलमा फसेको छ। राजनीतिक नेतृत्वले मुलुकको खस्कँदो अर्थतन्त्रलाई माथि उकास्न चाहँदैनन् किनभने यसो गरेमा उनीहरूले आर्थिक लाभ प्राप्त गर्न सक्दैनन्। वर्तमान समयमा पनि राजनीतिक नेतृत्वले छानबीन तथा अध्ययन-अनुसन्धान गर्ने अख्तियार पाएका निकायहरूलाई कमजोर बनाएर लाभान्वित भएको देखिन्छ ।

वास्तवमा आर्थिक भ्रष्टाचारविरुद्ध यहाँका नागरिक बारम्बार आवाज उठाउँछन् । तर सम्बन्धित निकायहरू उनीहरूसँग प्रमाण खोज्छन्। प्रमाण दिन नसक्नाले उक्त निकाय आफ्नो अभीष्ट पूरा गर्छन् । अन्य देशहरूको तुलनामा यहाँ आर्थिक अनियमितता अत्यधिक छ। आजकाल भ्रष्टाचार सीधा द्रव्यमा जोडिँदै छ । आज मुलुक आर्थिक विकास र समृद्धिको पथमा अग्रसर हुने बेला हो । तर यस्तो अवस्थामा पनि मुलुक भ्रष्टाचारमा उकालो लागेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राष्ट्रपतिसमक्ष पेश गरेको आयोगको ५८ औं वार्षिक प्रतिवेदनमा सबैभन्दा बढी सङ्घीय मामिला अन्तर्गत स्थानीय तहलगायत कार्यालयको उजुरी परेको उल्लेख छ। संविधान अनुसार स्थानीय तहमा समानीकरण, सशर्त, विशेष र समपूरक गरी चार प्रकारका अनुदान सीधै जाने व्यवस्था छ । यसैगरी संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकार अन्तर्गत स्थानीय कर, विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, बजार व्यवस्थापन, सडक, ग्रामीण सडक, सिंचाइ, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापनजस्ता नागरिक जीवनलाई प्रत्यक्ष सरोकार राख्ने विषय समावेश गरिएको छ । यी क्षेत्रहरूको समुचित व्यवस्थापन विधि तथा नीतिभन्दा पनि व्यक्तिको स्वेच्छाचारिताका कारण बेरूजु र भ्रष्टाचार स्थानीय तहमा मौलाउँदो छ ।

सार्वजनिक खरीद ऐन-नियमको बेवास्ता गर्दै स्वार्थ प्रेरित भई वातावरणीय अध्ययनविना नै अनावश्यक ठाउँमा सडक निर्माण गर्ने, दोहोरोतेहोरो एउटै योजनामा बजेट खन्याउने, आवश्यकता र औचित्यविना कर्मचारी भर्ना गर्ने, प्रवर्द्धनात्मक कार्यक्रमका बजेट कागजपत्र मिलाएर दुरूपयोग गर्ने, पदाधिकारीमा नै देखिएको डोजरे विकासको होडले अनियमितता मात्र नभएर प्राकृतिक प्रकोपको अनिष्टलाई पनि निम्त्याएको विभिन्न अध्ययन अनुसन्धान र अनुभवले पुष्टि गरेको छ। यसरी बढ्दो भ्रष्टाचार र अनियमितता निरुत्साहित गर्न प्रभावकारी अनुगमन तथा निरीक्षणको अभाव रहेको देखिन्छ । फलस्वरूप मुलुकमा विकृति-विसङ्गति झाँगिदै गएको सहजै अनुमान गर्न सकिन्छ। आर्थिक अनुशासनहीनताका कारण मुलुकमा बर्सेनि बेरूजु बढ्दै गएको महालेखाको प्रतिवेदनले उजागर गरेको छ । प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७६-०७७ मा सङ्घ, प्रदेश र स्थानीय तह तथा अन्य समिति एवं संस्थाहरूको बेरूजु रकम रु ४ खर्ब १८ अर्ब ८५ करोड पुगेको छ। यो अघिल्लो वर्षभन्दा ०.१३ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०७६-०७७ को बेरूजु रु १ खर्ब ४ अर्ब ३९ करोड देखिएको छ। बेरूजु रकम तीनै तहका सरकारी निकाय र सार्वजनिक संस्थाहरूमा प्रत्येक वर्ष बढ्ने गरेको तथ्याङ्कले पुष्टि गरेको छ । अध्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम अघिल्लो वर्षसम्म रु ६ खर्ब ६४ अर्ब ४४ करोड रहेकोमा गत वर्ष रु ११ अर्ब ९७ करोड थप भईरु ६ खर्ब ७६ अर्ब ४१ करोड पुगेको थियो। अहिलेसम्म बेरूजु नियन्त्रण गर्न प्रयोग भएका विभिन्न उपाय कागजमा मात्र सीमित भएको देखिन्छ ।

बेरूजु भन्नाले ऐन-नियममा तोकिएको विधि र शर्त पूरा नगरी गरिएको खर्च हो । त्यस्तो खर्च अनियमितताका कारण आर्थिक अनुशासनको सुनिश्चिततामा गम्भीर चुनौती बन्दै गएको जगजाहेर नै छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७२ को दफा (२) अनुसार बेरूजुलाई प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरीकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएका वा ठहराइएको कारोबार हो भनी परिभाषित गरिएको छ । लेखापरीक्षण सम्पन्न गरिसकेपछि देखिएका बेहोरा समावेश गरी सम्बन्धित कार्यालयलाई उपलब्ध गराइएको प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन हो । यस्तो प्रतिवेदनमा लेखापरीक्षणका लागि तोकिएका आधारहरू अवलम्बन गर्नुपर्ने सैद्धान्तिक मान्यता छ । स्वतन्त्र लेखापरीक्षणका लागि संवैधानिक सर्वोच्च निकाय महालेखा परीक्षकको कार्यालय हो । लेखापरीक्षणलाई सुव्यवस्थित र प्रभावकारी बनाउन विभिन्न नीतिनियम र सिद्धान्त प्रतिपादित गरिएको हुन्छ । लेखापरीक्षण ऐन-२०७५, नेपाल सरकारी क्षेत्र लेखापरीक्षण मापदण्ड, सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनद्वारा प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको आधारमा जोखिम पहिचान र मूल्याङ्कन गरी योजना तर्जुमा गर्ने, लेखापरीक्षणका क्रममा पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्ने नमूना छनोट एवं विस्तृत परीक्षण गर्ने, सोको लागि मुख्यतः स्थलगत निरीक्षण, प्रश्नावली, सोधपूछ, छलफलआदि माध्यमबाट जानकारी सूचना, विवरण प्राप्त गरी सारभूत परीक्षण, परिपालनको परीक्षण विधि तथा पद्धति पूर्ण अवलम्बन विरलै गरेका कारण बेरूजु बढ्दै गएको देखिन्छ ।

सङ्घीय संरचना अनुसार तीन तहको सरकारमध्ये जनताको नजीकबाट सेवा प्रवाह गर्ने भूमिकामा स्थानीय तह महत्त्वपूर्ण छ। स्थानीय तहमा सुशासन कायम हुन नसकेमा जनताले अनावश्यक दुःख पाउने मात्र नभएर सङ्घीयताप्रति नै वितृष्णा जाग्ने वास्तविकता हो । स्थानीय तहमा वित्तीय सुशासन कमजोर रहेको विभिन्न तथ्याङ्कले पनि पुष्टि गरेको छ । राजनीतिक खिचातानी, पदाधिकारीहरूको मनोमानी आदेश, निर्देशन र हस्तक्षेप, समयमैं कर्मचारीहरूको पदपूर्तिमा उदासीनता आदि कारणले बेरूजु र भ्रष्टाचार मौलाउँदो गएको देखिन्छ। आर्थिक वर्ष २०७४-७५ मा ७४७ स्थानीय तहको रु ५ खर्ब ७१ अर्ब ५१ करोडको अन्तिम लेखा परीक्षण हुँदा रु २४ अर्ब १४ करोड अर्थात् ४.२१ प्रतिशत बेरूजु रहेकोमा आर्थिक वर्ष २०७५-७६ मा ७४७ स्थानीय तहको नै रु ७ खर्ब ४० अर्ब ६५ करोडको अन्तिम लेखा परीक्षण गर्दा रु ३८ अर्ब १३ करोड अर्थात ५.१५ प्रतिशत बेरूजू रहेको तथ्याङ्क छ। यसले पनि स्थानीय तहमा वित्तीय सुशासन कमजोर रहेको पुष्टि हुन्छ ।

लेखापरीक्षण बेरूजु बढ्नुका कारण विविध हुन सक्छन्। वित्तीय कारोबारमा संलग्न जिम्मेवार व्यक्ति र निकायले विद्यमान कानूनको परिपालना नगरी यथेष्ट प्रमाण र आधारबेगर खर्च गर्ने प्रवत्तिका कारण पनि बेरूजु बढ्दै गइरहेको देखिन्छ । तोकिएका कानूनी प्रावधान, निर्णय, कागजात प्रमाणबेगर तथा लेखापरीक्षकलाई विभिन्न किसिमले प्रभाव पारिहालिन्छ भन्ने विश्वासका कारणले पनि बेरूजु बेथिति मौलाउँदै गएको छ। बेरूजुकर्तालाई कसूर अनुसार कडा कारबाही नगरी उन्मुक्ति दिने कारणले पनि आर्थिक कारोबारमा अनियमितता सामान्य बन्दै गएको हो । अहिले पनि तोकिएकै समयमा सबै निकायको लेखापरीक्षण सम्पन्न भएको छैन । तसर्थ बेरूजु रकम योभन्दा बढी हुने सम्भावना नकार्न सकिन्न। हुनत लेखापरीक्षकको निष्ठा, निष्पक्षता, गोपनीयता र पेशागत नैतिक आचरण तथा मूल्य-मान्यता नै आचारसंहिता हो। लेखापरीक्षकबाट पालना गर्नुपर्ने पेशागत व्यवहार, क्रियाकलाप, चरित्र, स्वभाव, चालचलन र समाजीकरणजस्ता आधारभूत शर्तको पालना विरलै भएको होला। लेखापरीक्षकहरूको आचारसंहिता, २०७० जारी भए तापनि व्यवहारमा पर्याप्त अनुसरण नगरिएको वास्तविकता नकार्न सकिन्न। यस प्रकार मिलेमतोमा गरिने लेखापरीक्षणबाट आएको बेरूजु रकम अझ बढी हुने सजिलै अनुमान गर्न सकिन्छ।

आर्थिक अनुशासन, वित्तीय पारदर्शिता र जवाफदेहिता पालना नभएमा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने वास्तविकता हो। कमजोर व्यवस्थापनका कारण तोकिएको प्रक्रिया पालना नहुँदा लक्षित वर्गले विकासको फल प्राप्त गर्न सक्दैन । यस्तो विसङ्गतिले सरकारप्रति जनताको वितृष्णा बढ्न गई अराजकता मौलाउने जोखिम प्रबल रहन्छ । यसरी वार्षिक बजेटको झन्डै आधा रकम बेरूजु देखिनु, देश वैदेशिक तथा आन्तरिक ऋणले चल्नु, व्यापार घाटा चुलिंदै जानु, खुलेआम कमिशन र मिलेमतोमा विकास निर्माण गुणस्तरीय र तोकिएको समयमा सम्पन्न नहुनु, जवाफदेहिता र जिम्मेवारी पन्छाउनेजस्ता नकारात्मक प्रवृत्तिका कारण विपन्नताको दुष्चक्रमा जनता र देश फस्दै जानु स्वाभाविक हो। यसरी निमुखा जनतासँग विभिन्न उपाय रचेर सङ्कलन गरिएको राजस्व रकम मनलाग्दो र स्वार्थप्रेरित भएर खर्च गरेर स्वाहा पार्नु अनियमित मात्र नभएर अनैतिक प्रकृतिको जघन्य अपराध पनि हो । यसबाट सरकारले बिस्तारै जनविश्वास गुमाउँदै जाने निश्चित छ । त्यसैले राजनीतिकरूपमा प्राप्त सङ्घीयताको सफल कार्यान्वयन गर्दै यसको मर्म र भावना अनुरूप सङ्घीयताको सफल अभ्यासका लागि आर्थिक अनुशासन कायम राख्नु अहिलेको अपरिहार्य आवश्यकता हो ।

# महेन्द्र जयन्ती वीरगंज र रौतहटमा मनाइयो

प्रस, वीरगंज, १ पुस/

देशभक्त राजभक्त समूहले वीरगंजमा १०२औं महेन्द्र जयन्ती मनाएको छ । महावीर मन्दिरअगाडि कार्यक्रमको आयोजना गरी सो समूहले जयन्ती मनाएको हो ।

समूहका अध्यक्ष दीपेन्द्रप्रसाद रौनियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष राजकिशोर चौबे, पशुपतिविक्रम शाह, उषा शाह, वीरेन्द्र थापा, सतीश श्रीवास्तव, पृथ्वी झा, अब्दुल सतार अन्सारीलगायतको सहभागिता थियो ।

*प्रस, रौतहट/*

रौतहटमा पनि महेन्द्र जयन्ती मनाइएको छ ।

जिल्ला समन्वय समितिमा रहेको महेन्द्रको सालिकमा फूलमाला, अबीर चढाएर जयन्ती मनाइएको थियो। मेची-महाकाली साइकलयात्री अशोकसिंह राजपूत, राष्ट्रवादी समूहका अध्यक्ष वीरेन्द्र गिरी, राजसंस्था पुनर्स्थापना सङ्घर्ष समितिका अध्यक्ष रामप्रवेश महतो, राजभक्त शेख वकील, रामअशिष राय यादव, अबलेला बाबालगायतले पूर्वराजा स्व महेन्द्रको जीवनीबारे चर्चा गरेका थिए ।



**जर्मनीमा.......**

लागि प्रारम्भिक चरणको काम भइरहेको छ ।

यस्तै डडेल्धुरा अस्पतालको मातृ तथा बाल स्वास्थ्य भवन र स्टाफ भवन निर्माण काम भइरहेको, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल अन्तर्गत तारकेश्वर र चन्द्रागिरि नगरपालिकामा सेटलाइट अस्पताल बनाउने काम अघि बढेको छ । जर्मनी सरकारले कोभिड-१९ को प्रारम्भदेखि सरकारलाई १० मिलियन युरो बराबर अनुदान रकम उपलब्ध गराएको थियो। सो अवसरमा नेपालका लागि जर्मनीका कार्यवाहक राजदूत डा रसेकले जर्मन सरकारले नेपाललाई स्वास्थ्य र शिक्षामा सहयोग गर्दै आएको भन्दै खोपले नेपाली जनतालाई कोभिड-१९ महामारीबाट जोगाउने बताए।

मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्रले मोडर्ना खोप यही पुस ४ गतेदेखि १२ वर्षदेखि १७ वर्ष उमेर समूहका बालबालिकालाई लगाइने बताइन्। उनका अनुसार सरकारले ५७ जिल्लामा विद्यालयमा गई उक्त उमेर समूहका बालबालिकालाई खोप प्रदान गर्ने छ। यस्तै जोन्सन एन्ड जोन्सन भने विदेश जाने र लक्षित अन्य व्यक्तिलाई लगाइनेछ।



**प्याराग्लाइडिङमा रम्दै पर्यटक**: पोखरा महानगरपालिका-१८, मेथलाङबाट देखिएको माछापुच्छ्रेको काखमा प्याराग्लाइडिङमा रम्दै पर्यटक । तस्वीरः रासस

# शुक्रवारदेखि हिमपातको सम्भावना

काठमाडौं, १ पुस/रासस

पश्चिमी वायुसँगै आउने पश्चिमी न्यून चापीय प्रणाली (पश्चिमी खाडल)का कारण शुक्रवारदेखि हिमपातको सम्भावना देखिएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पश्चिमी वायुसँगै आउने पश्चिमी न्यून चापीय प्रणालीका कारण शुक्रवारदेखि सुदूरपश्चिम प्रदेश हुँदै पूर्वतिर बादल सर्ने क्रममा सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रहनेछ । सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपात हुने सम्भावना छ।

सुदूरपश्चिमका केही स्थानमा हल्का वर्षाको सम्भावना छ। उक्त प्रणालीका कारण आगामी दिनमा तापक्रममा समेत गिरावट आई चीसो अझ बढ्ने सम्भावना रहेको विभागले जनाएको छ । सो मौसमी प्रणालीका कारण पर्वतारोहण, हवाई यातायातलगायत दैनिक जनजीवनमा असर पर्न सक्ने देखिएकाले चीसोबाट बच्न र हिमपातबाट हुन सक्ने प्रभावबाट जोगिन आवश्यक सुरक्षा र सतर्कता अपनाउन विभागले आग्रह गरेको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्युनतम तापक्रम यस वर्षकै कम तीन दशमलव शून्य डिग्री र अधिकतम तापक्रम १७ दशमलव ५ डिग्री सेल्सियस छ । त्यस्तै, आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस पाँच दशमलव सात डिग्री र सबैभन्दा बढी भैरहवाको अधिकतम तापक्रम २८ दशमलव चार डिग्री सेल्सियस छ ।

स्वरोजगारी बनौं, गरीबी हटाऔं ।

**वीरगंज महानगरपालिका**

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रपति कोविन्द विजय दिवस समारोहमा सरिक



कार्यक्रममा सम्मिलित हुँदै भारतीय राष्ट्रपति रामनाथ कोविन्द। तस्वीरः सिन्हवा

ढाका, १ पुस/एएनआई

भारतका राष्ट्रपति रामनाथ कोविन्द बिहीवार ढाकाको राष्ट्रिय परेड मैदानमा बङ्गलादेशको विजय दिवस समारोहका सम्मानित अतिथिको रूपमा सरिक भई बङ्गलादेशका राष्ट्रपति अब्दुल हमीदसहित विजय दिवसको राष्ट्रिय कार्यक्रम शुरू भएसँगै परेड अवलोकन गरेका छन्।

सन् १९७१ को युद्धमा पाकिस्तानमाथि विजय प्राप्त गरेको उपलक्ष्यमा बङ्गलादेशमा आज ५० औं वार्षिकोत्सव मनाइँदैछ। राष्ट्रपति कोविन्द डिसेम्बर १५ देखि १७ सम्म बङ्गलादेशको तीन दिने भ्रमणमा छन्। बुधवार ढाकाको हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका राष्ट्रपति कोविन्दलाई बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमीदले स्वागत गरेका थिए। रासस

## डोमिनिकन रिपब्लिकमा विमान दुर्घटना, नौजनाको मृत्यु



तस्वीरः एएनआई

सान्टो डोमिङ्गो, १ पुस/एएनआई

डोमिनिकन गणतन्त्रको राजधानी सान्टो डोमिङ्गोमा बिहीवार आपत्कालीन अवतरण गर्ने क्रममा निजी विमान दुर्घटना हुँदा कम्तीमा नौजनाको मृत्यु भएको छ।

विमानको सञ्चालक हेलिडोसा एभिएशन ग्रुपले विज्ञप्ति जारी गर्दै घटनामा सात यात्रु र चालक दलका दुई सदस्यको मृत्यु भएको सिएनएनले जनाएको छ। विमान डोमिनिकन रिपब्लिकको ला इसाबेला अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्लोरिडा जाँदै थियो। आकस्मिक अवतरण गर्ने क्रममा उडान भरेको १५ मिनेटमैं दुर्घटनाग्रस्त भएको थियो।

हेलिडोसा एभिएशन ग्रुपले दुर्घटनाले ठूलो पीडा र शोक दिएको जनाएको छ। "हामी अनुरोध गर्दछौं तपाई बुद्धिमानीपूर्वक प्रभावित परिवारहरूलाई सहयोग गर्न एक हुनुहोस्, जो हामीसँगै यस कठिन समयबाट गुज्रिरहेका छन्"– समूहले उल्लेख गरेको छ। अहिलेसम्म आकस्मिक अवतरणको कारण थाहा हुन सकेको छैन। रासस

## साउदी अरेबिया नेतृत्वको सेनाद्वारा हुथी विद्रोहीमाथि आक्रमण

साना, १ पुस/सिन्हवा

साउदी नेतृत्वको गठबन्धनले यमनको राजधानी सानामा हुथी मिलिसियाविरुद्ध बुधवार हवाई आक्रमण गरेको छ। बुधवार विद्रोहीविरुद्ध उनीहरूले निर्माण गरेका आश्रयस्थलका साथै उनीहरूद्वारा नियन्त्रित सैन्य शिविरमा हवाई आक्रमण गरेको हुथीद्वारा सञ्चालित अल–मासिराह टिभीले जनाएको छ।

यस हवाई आक्रमणबाट यमनी शहर सानाको पूर्वी क्षेत्रमा रहेको हाफा शिविर प्रभावित भएको बताइएको छ। यसको विस्तृत विवरण भने दिइएको छैन। हवाई आक्रमणपछि शहरभर शक्तिशाली विस्फोटको आवाज सुनिएको बताइएको छ। मङ्गलवार राति भएको सो हमलामा परेर यहाँका हुथी मिलिसियाले निर्माण गरेका केही आश्रयस्थल र सैन्य शिविर ध्वस्त भएका छन्।

उता इरान समर्थित हुथी मिलिसियाले गरेको क्षेप्यास्त्र र ड्रोन आक्रमणबाट दुईवटा गुफा र चारवटा भूमिगत गोदाम ध्वस्त भएको गठबन्धनले साउदी स्वामित्वमा रहेको अल–अरेबिया टिभीलाई उद्धृत गर्दै जानकारी दिएको छ। केही महीनामात्र अघि यमनी विद्रोही समूहले मध्य यमनको अत्यधिक तेल रहेको प्रान्त मारिब कब्जा गर्न साउदी समर्थित सरकारी सेनाविरुद्ध ठूलो आक्रमण शुरू गरेको थियो। रासस

## रूसी र चिनियाँ राष्ट्रपति फेब्रुअरीमा बेइजिङमा भेट्ने

बेइजिङ, १ पुस/सिन्हवा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सि जिनपिङबीच आगामी फेब्रुअरीमा भेट हुने भएको छ। उनीहरूबीच आगामी फेब्रुअरीमा चिनियाँ राजधानी शहर बेइजिङमा भेट्ने कार्यक्रम रहेको चिनियाँ सञ्चारमाध्यमहरूले जनाएका छन्।

उनीहरूबीच बुधवार फोन संवाद भएको थियो। त्यस संवादका क्रममा रूसी राष्ट्रपति पुटिनले फेब्रुअरीमा बेइजिङ आउन इच्छुक रहेको जानकारी दिएका थिए। फेब्रुअरी महीनामा आयोजना हुन लागेको बेइजिङ विन्टर ओलम्पिक समारोहमा आफू उपस्थित हुन इच्छुक रहेको जानकारी दिएका थिए। चिनियाँ सञ्चारमाध्यमहरूले आज सो कुराको जानकारी दिएका छन्।

एएनआईले दिएको थप जानकारी अनुसार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले फेब्रुअरीमा हुने बेइजिङ शीतकालीन ओलम्पिकको उद्घाटन समारोहमा भाग लिन इच्छा व्यक्त गरेका हुन्।

संयुक्त राज्य अमेरिका, बेलायत र अस्ट्रेलियाजस्ता केही अन्य प्रजातान्त्रिक देशहरूले अर्को वर्ष फेब्रुअरीमा हुने बेइजिङ खेलको कूटनीतिक बहिष्कार गर्न चाहेको बेला पुटिनको यस्तो टिप्पणी आएको क्योडो न्यूजले उल्लेख गरेको छ। "मलाई आशा छ हामी अन्ततः अर्को फेब्रुअरीमा बेइजिङमा प्रत्यक्ष भेट्न सक्षम हुनेछौं। हामीले पहिले नै सहमति गरेझैं शीतकालीन ओलम्पिक खेलको उद्घाटन समारोहमा भाग लिनु अघि वार्ता गर्नेछौं"– पुटिनले सीलाई भने।

चीनको कथित मानव अधिकार उल्लङ्घनको बढ्दो आलोचनाबीच अमेरिकाको नेतृत्वमा रहेको कूटनीतिक बहिष्कारसँगै आर्थिक हिसाबले चीनमा धेरै भर परेको अमेरिकी सहयोगी जापानले पनि बेइजिङ ओलम्पिकमा क्याबिनेट मन्त्रीहरूलाई नपठाउने विचार गरिरहेको छ।

यस अघि अमेरिका, बेलायत, अस्ट्रेलिया र लिथुआनियाले पनि बेइजिङ शीतकालीन ओलम्पिकको कूटनीतिक बहिष्कार गर्ने घोषणा गरेका थिए। क्यानडा खेल बहिष्कार गर्ने पाँचौं देश बनेको छ। रासस

**आयुर्वेदको चमत्कार**
इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

## रक्सौलका बैंकहरू दुई दिने हडतालमा



तस्वीरः प्रतीक

प्रस, रक्सौल, १ पुस/

बैंकलाई निजीकरण गर्ने भारत सरकारको निर्णयविरुद्ध रक्सौल युनाइटेड फोरम अफ बैंक युनियन्सको आह्वानमा बिहीवारदेखि दुई दिने हडताल शुरू भएको छ।

पुस १ र २ गते अर्थात् डिसेम्बर १६–१७ तारिख दुई दिने हडतालमा उत्रने रक्सौलका बैंकहरूले सरकार निजीकरण अभियानबाट पछाडि नहटे अनिश्चितकालीन हडताल गर्ने चेतावनी दिएका छन्। रक्सौलको बैंक अफ इन्डियालगायत सबैखाले बैंक आज र भोलि बन्द हुनेछन्। यो क्रममा सेवाग्राहीहरूलाई पर्न गएको असुविधाप्रति रक्सौल युनाइटेड फोरम अफ बैंक युनियन्सले क्षमा मागेको छ।

बैंक अफ इन्डियाका शाखा प्रबन्धक नरेन्द्रकुमार गुप्ता, ऋण अधिकृत रविरञ्जन सिंह, प्रशासनिक अधिकारी स्मृति सुमन, लिपिक सुरभि जयसवालसहितका कर्मचारीहरू प्लेकार्ड लिएर बैंकअगाडि प्रदर्शन गरेका थिए। उनीहरूले सरकारले ल्याएको बैंकिङ एमेन्डमेन्ट बिल फिर्ता लिनुपर्ने माग राखेका छन्। बिल फिर्ता नभएको खण्डमा हडताल जारी राख्ने उनीहरूले चेतावनी दिए।

## ई–रिक्शा चालकको चक्कु प्रहारबाट मृत्यु

राजेश केशरीवाल, रक्सौल, १ पुस/

भारत–नेपाल मैत्री पुलनजीकै एकजना ई–रिक्शा चालकको चक्कु प्रहारबाट मृत्यु भएको छ। मृत्यु हुनेमा भारत बिहार मुजफ्फरपुर जिल्लाको मोतिपुर थाना अन्तर्गत जगरनाथपुर निवासी सुशीलकुमार साह रहेका छन्।

मृतक साहलाई ई–रिक्शा पार्किङ गर्ने क्रममा मोटरसाइकलमा सवार दुईजनाले चक्कु प्रहार गरी हत्या गरेको प्रत्यक्षदर्शीहरूको भनाइ छ। उपचारका लागि अस्पताल लैजाने क्रममा अत्यधिक रक्तस्राव भएका कारण उनको मृत्यु भएको थियो। घटना सम्बन्धमा भारतीय र नेपाली प्रहरी संयुक्तरूपमा घटनास्थलमा पुगी अनुसन्धान गरेका थिए। घटनाबारे मृतकले नेपाली प्रहरीलाई बयान दिएको र सो बयानलाई हरैया थानालाई साझा गर्दै अनुसन्धान भइहरेको हरैया थानाका थानाध्यक्ष गौतम कुमारले बताए।

## शान्ति सुरक्षा कायम गर्न सबैको सहयोग आवश्यक –प्रउ बस्नेत



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १ पुस/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले हाल कायम रहेको शान्ति सुव्यवस्थालाई निरन्तरता दिन आग्रह गरेका छन्।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत र चण्डीप्रसाद गणका गणपति मनोज कार्कीसँग सङ्घको सभाकक्षमा छलफल गर्दै अध्यक्ष गुप्ताले वीरगंज महानगरमा जडान गरिएको सिसिटिभीको मरम्मत सम्भार र उचित व्यवस्थापनको लागि आइटीसम्बन्धी दक्ष जनशक्ति बहाल गर्न प्रउ बस्नेतको ध्यानाकर्षण गराए। सो अवसरमा सङ्घका पूर्वअध्यक्षद्वय अशोककुमार बैद र गणेश लाठले आदर्शनगरको पुरानो बसपार्क क्षेत्रमा रहेका धर्मशाला, बैंक तथा वित्तीय संस्थाहरूका कारण भीडभाड बढेकाले सवारी व्यवस्थापनको लागि छुट्टै प्रहरी बिटको व्यवस्था गर्न पनि आग्रह गरे।

प्रउ बस्नेतले शान्ति सुरक्षा, अमनचयन कायम गरी आपराधिक गतिविधिलाई निरुत्साहित गर्न आफूले प्रभावकारी भूमिका खेल्ने आश्वासन दिए।

उनले शान्ति सुरक्षा कायम राख्ने कुरामा प्रहरीसमेत स्थानीय र निजी क्षेत्रको भूमिका प्रभावकारी हुने भएकोले आपराधिक गतिविधि न्यूनीकरणको लागि सूचना दिई सहयोग गर्न सुझाए। उनले सूचनाबाट धेरैखाले गतिविधि नियन्त्रण हुन सक्ने भएकाले प्रहरीलाई सबै पक्षबाट सूचना दिएर सहयोग गर्न आग्रह गरे।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवालले धन्यवाद ज्ञापन र महासचिव मनोज दासले सहजीकरण गरेका थिए।

## ओझैयाले आमरण अनशन तोडे



तस्वीरः प्रतीक

प्रस, सेढवा, १ पुस/

पटेर्वासुगौली गाउँपालिकामा भएको भ्रष्टाचारलगायतका विषयलाई लिएर मङ्सिर २० गतेदेखि आमरण अनशनमा बसेका रामजनम ओझैयाले पुस १ गते अनशन तोडेका छन्।

जिल्ला प्रशासन कार्यालय, पर्सामा बिहीवार सहमति भएपछि उनले अनशन तोडेका हुन्। माओवादी केन्द्रका स्थानीय नेता बालेश्वर चौधरीले ओझैयालाई जुस पिलाएर अनशन तोडाएका थिए। जिप्रका, पर्साका सूचना अधिकारी एवं निमित्त प्रजिअ भीमकान्त पौडेलको अध्यक्षतामा भएको बैठकमा ओझैयाले राखेका मागहरू सम्बन्धमा गापाले गर्ने कार्य अविलम्ब गर्ने र सोबाहेकका मागहरू सम्बोधनका लागि प्रयास गर्ने सहमति भएपछि अनशन तोडिएको आमरण अनशन बसेका ओझैयाले प्रतीकलाई बताए।

ओझैयाले आफूले दश सूत्रीय माग राखेर गापाको ध्यानाकर्षण गराएको, धर्ना दिएको र नमानेपछि आमरण अनशन बस्नुपरेको बताए। आजको बैठकमा गापाका शिक्षा शाखा प्रमुखले विद्यालयहरूमा चन्दा उठाउन बन्द गर्ने र उठेका चन्दाहरू दश दिनभित्र सबै विद्यार्थीलाई फिर्ता गर्ने प्रतिबद्धता गरे।

## रक्षामन्त्रीद्वारा राजीनामा

काठमाडौं, १ पुस/रासस

रक्षामन्त्री डा मीनेन्द्र रिजालले आफ्नो पदबाट राजीनामा दिएका छन्। प्रधानमन्त्री शेरबहादुर देउवालाई बिहीवार भेट गरी मन्त्री रिजालले राजीनामा पेस गरेका हुन्। राजीनामा बुझाएपछि उनले रक्षा मन्त्रालयमा पत्रकार सम्मेलन आयोजना गरेका थिए। यसअघि उनले सामाजिक सञ्जाल फेसबूकमा पोस्ट गर्दै रक्षामन्त्रीबाट राजीनामा दिने घोषणा गरेका थिए। "नेपाली काङ्ग्रेसको १४औं महाधिवेशनमा मैले प्रतिस्पर्धा गरेको महामन्त्री पदको प्रारम्भिक परिणामबाट नै स्पष्टरूपमा प्राप्त सन्देशलाई दृष्टिगत गर्दै रक्षामन्त्रीको पदबाट राजीनामा दिने निर्णय लिएको छु। अन्तिम परिणाम प्राप्त हुनासाथ सम्माननीय प्रधानमन्त्रीसमक्ष राजीनामा पेस गर्नेछु," नेपाली काङ्ग्रेसका नेता डा रिजालले पोस्टमा भनेका छन्।

काङ्ग्रेसको महाधिवेशन अन्तर्गत महामन्त्री पदमा उम्मेदवारी दिएका डा रिजालले मतगणनाको प्रारम्भिक नतीजा आएलगत्तै राजीनामा दिने निर्णय गरेका हुन्। काङ्ग्रेसको महामन्त्री पदमा गगनकुमार थापा र विश्वप्रकाश शर्मा विजयी भएका छन्।

# योमरी पुन्हीको अवसरमा ठोरीमा रक्तदान

प्रस, ठोरी, १ पुस/

नेवार समुदायको पर्व योमरी पुन्हीको पूर्वसन्ध्यामा ठोरी गाउँपालिका–५, सुवर्णपुरमा बिहीवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ। सुवर्ण नेवा खलःको आयोजनामा ठोरी गापा–५ वडा कार्यालयमा सम्पन्न रक्तदान कार्यक्रममा छजना महिलासहित ४७ जनाले रक्तदान गरेका थिए ।




तस्वीरः प्रतीक

रक्तदानको उद्घाटन गर्दै गापा उपाध्यक्ष शान्तिमाया थिङले रक्तदान जीवनदान भएकोले रक्तदान गरेर पुण्य आर्जन गर्न सबैसँग आग्रह गरिन्। उनले कतिपय मानिसमा रक्तदान गर्दा शरीर कमजोर हुन्छ भन्ने भ्रम रहेको भन्दै त्यस्ता भ्रम नराख्न र जीवनदान गर्ने महान् अभियानमा सहभागी हुन अनुरोध गरिन्। कार्यक्रममा जसपा केन्द्रीय सदस्य टेकबहादुर शाक्य, उपाध्यक्ष जरी लामा, नेकपा एमाले जिल्ला कमिटी सदस्य लालबहादुर श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा सानुमाया तामाङ, सन्तोषी खड्का, विनोद कार्की, राजीव श्रेष्ठ, विशाल क्षत्री, मोहन श्रेष्ठ, रोहन तिवारी, सुशान्त पौडेल, उदयबहादुर गौतम, लक्ष्मी चौधरीलगायतले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

कार्यक्रममा २२औं पटक रक्तदान गरेका सुवर्णपुरका हरिबहादुर बुढाथोकीलाई सुवर्ण नेवा खलःका तर्फबाट अध्यक्ष अमृत श्रेष्ठले दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

सुवर्ण नेवा खलःका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत चन्द्र नेवारले गरेका थिए भने सुवर्ण नेवा खलःका उपाध्यक्ष विमल प्रधान, सामुदायिक रेडियो विजयबस्तीका अध्यक्ष सन्तोष श्रेष्ठ, सुनाखरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाख्रिन, सुवर्ण बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुन लामा, एमालेका मेकबहादुर स्याङ्बो, काङ्ग्रेसका विमल खड्का, माओवादीका वीरबहादुर लोप्चनलगायतको सहभागिता थियो ।

खाद्य पदार्थको रसिलो चाडको रूपमा लिइने योमरी पुन्हीको अवसर पारेर सुवर्ण नेवा खलःले पुस ३ गते सांस्कृतिक कार्यक्रम र ४ गते योमरी पुन्ही आयोजना गर्ने अध्यक्ष श्रेष्ठले जानकारी दिए । योमरी पुन्हीको दिन नेवार समुदायमा तिल, चाकु र खोवा राखेर बनाइएको चामलको पीठोबाट बनाइएको विशेष प्रकारको परिकार योमरी खाने चलन छ ।

## पराल लोड ट्रकमा आगलागी

प्रस, निजगढ, १ पुस/

रौतटहको चन्द्रपुरबाट पराल लोड गरी हेटौंडा जान लागेको ट्रकमा गएराति आगलागी भएपछि रु ४० हजारबराबरको पराल जलेर नष्ट भएको छ ।

प्रदेश २–०३–००१ ख ३७४९ नम्बरको ट्रकको पछाडिको भागसमेत जलेको छ। राजमार्गको निजगढ बजार आसपास आइपुग्दा सो ट्रकमा रहेको पराल जल्न शुरू गरे पनि सशस्त्र प्रहरी सुरक्षा बेसमा राखिएको निजगढ नपाको वारुण यन्त्रसम्म पुग्दा पराल पूर्णरूपमा जलेर नष्ट भएको ट्रकका चालक जीतेन्द्र रामले बताए। परालमा सल्किरहेको आगोलाई नियन्त्रणमा लिन सशस्त्र प्रहरीले पनि नसकेपछि बकैया खोलामा गई बालुवा छ्यापेर आगो नियन्त्रणमा लिएको परालधनी चन्द्रपुरका बद्रीप्रसाद सापकोटाले जानकारी दिए। परालसँगै करीब पाँच क्विन्टल धानसमेत जलेको उनले बताए। आगलागीका कारण ट्रकमा भएको क्षतिको यकीन अनुमान नभएको चालक रामले बताए ।

## नक्कली नोटसहित दुईजना पक्राउ

प्रस, रौतहट, १ पुस/

प्रहरी चौकी मोतीपुर नरकटियाले नक्कली नोट ६५ हजार ५ सयसहित दुईजनालाई पक्राउ गरेको छ ।

परोहा नगरपालिका–८ नरकटियाबाट बुधवार प्रहरीले भारत बिहार, मोतिहारीका २६ वर्षीय विकाश जयसवाल र ३२ वर्षीय अजय प्रसादलाई पक्राउ गरेको जिप्रका रौतहटले जनाएको छ ।

बिआर ०५ के ३६३६ नम्बरको मोटरसाइकलमा आएका दुवैजनालाई प्रहरीले चेकजाँचको क्रममा १ हजार दरका ६९ थान र ५ सय दरको एक थान नक्कली नोट बरामद भएपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका दुवैजनालाई रौतहट जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


### जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्त व्यक्ति सकेसम्म चीसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

बहुदरमाई नगरपालिकाको कार्यालय

बहुदरमाई, पर्सा







# खेलकूदको संसार

## अन्तरविद्यालय प्रतियोगिताको फाइनलमा लोटस र नेरामावि, बकुलिया

प्रस, जीतपुर, १ पुस/

सिमरामा जारी अन्तरविद्यालय स्तरीय फूटबल प्रतियोगिताको फाइनलमा लोटस एकेडेमी, सिमरा पुगेको छ। सिमरा रङ्गशालामा बिहीवार सम्पन्न अन्तिम सेमिफाइनल खेलमा लोटस एकेडेमीले राष्ट्रिय विभूति शिक्षा सदन, डुमरवानालाई



फराकिलो गोलअन्तरले हराउँदै फाइनलमा प्रवेश गरेको हो ।

लोटसका आकाश मोक्तान एक्लैले चार गोल गरेका थिए। विवेक बुढाथोकीले थप एक गोल गर्दै लोटसलाई ५–० को फराकिलो गोलअन्तरले जीत दिलाएका थिए ।

आजको खेलको 'म्यान अफ दी म्याच' आकाश मोक्तान घोषित भए। प्रतियोगिताका संयोजक सोनु क्षेत्रीले उपाधिका लागि शनिवार लोटस एकेडेमी र नेरामावि, बकुलियाबीच भिडन्त हुने बताए ।

## संस्कृत विद्यालय गौरमा स्थापना हुने

प्रस, रौतहट, १ पुस/

सीताराम राज आधारभूत संस्कृत विद्यालय गौर नगरपालिका–२ मा स्थापना हुने भएको छ ।

वडाध्यक्ष राकेशकुमार झाको अध्यक्षतामा बिहीवार भएको भेलाका प्रमुख अतिथि मठियानी मठका महन्त जगरनाथ दासले मठियानी मठमा वेद कर्मकाण्ड अध्यापन गराउँदै आएको र अब उप्रान्त गौरमा सोको अध्यापन हुने बताए ।

उनले नगरप्रमुख अजयकुमार गुप्ताले वेद, कर्मकाण्ड अध्यापन गौरमा गराउन चासो देखाएकाले अब उप्रान्त गौर नपाबाट वेद, कर्मकाण्ड अध्यापन गराउने महन्त दासले बताए ।

नगरप्रमुख गुप्ताले संस्कृत विद्यालयको लागि नगरपालिकाले जग्गा उपलब्ध गराएर भवन निर्माण गर्ने र अध्ययनरत विद्यार्थीहरूको लागि भोजनको व्यवस्थापन गर्ने बताए। नेपाल पत्रकार महासङ्घ, रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले गौरमैं वेद र कर्मकाण्ड अध्यापन हुने भएपछि लोप हुँदै गएको संस्कृत भाषाको उत्थान हुने दाबी गरे। भेलामा जग्गादाता सीताराम दासलगायतको सहभागिता थियो ।

### ड्राइपोर्टबाट अनलाइन.....

क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)सँग समन्वय गरी आशिकुडा वर्ल्ड प्रणालीसँग भुक्तानी उपकरणको सम्पर्क स्थापित गर्ने गरी प्रणाली विकास गरिएको छ ।

यो सेवा प्रयोग गरी प्रयोगकर्ताले आफ्नै बैंक खाताबाट सीधैं अनलाइन भन्सार कार्यालयस्थित बैंकमा रहेको भन्सार कोषको खातामा भुक्तानी गर्न सक्नेछन् ।

प्रयोगकर्ताले एनसिएचएलको कनेक्ट आइपिएस, मोबाइल एप, कर्पोरेट पे, एनसिएचएल बैंक सेन्ट्रल तथा एनसिएचएलसँग आबद्ध रहेका डिजिटल वालेटहरूको प्रयोग गर्न सक्नेछन्। यस अलावा वाणिज्य बैंकहरूको ई–बैंकिङसमेत प्रयोग गर्न सक्छन् ।

व्यवसायीले कनेक्ट आइपिएस रिटेल पेमेन्ट अन्तर्गत २० लाखसम्म र एनसिएचएल–आइपिएसमार्फत ३० करोडसम्म एउटा प्रज्ञापनपत्रको भुक्तानी गर्न सक्नेछन्। भुक्तानीको लागि अनलाइन प्रज्ञापनपत्रको सामान्य विवरण जस्तै भन्सार कार्यालयको कोड, वर्ष, प्रज्ञापनपत्र सङ्केत नं, प्रज्ञापनपत्र नं जस्ता जानकारी प्रविष्टि गर्नुपर्नेछ । यसले व्यवसायी तथा एजेन्टले नगद बोक्नुपर्ने, गूड फर पेमेन्ट चेक तयार गर्न बैंक धाउनुपर्ने समस्याबाट मुक्ति मिल्ने श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष न्यौपानेले बताए । साथै, अनलाइन भुक्तानी सुविधा लागू भएपछि व्यवसायीले इन्टरनेट सुविधा भएको जुन पनि ठाउँबाट मोबाइलबाट पनि भुक्तानी गर्न सक्ने सुविधा बढेको छ। यसले क्लिरिङ एजेन्ट र बैंकहरूलाई नगद तथा चेक तथा क्लिरिङ गर्ने बोझ कम हुने पनि विश्वास लिइएको छ ।

कार्यक्रममा वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेल, बन्दरगाह भन्सारका प्रमुख भन्सार अधिकृत लालबहादुर खत्री, भन्सार एजेन्ट महासङ्घका वरिष्ठ उपाध्यक्ष काशीराज उपाध्याय, बैंकका प्रबन्धकहरूलगायतको सहभागिता थियो ।

### छपकैया........

जग्गाधनी ६१ कट्ठा जग्गाको जग्गाधनी बनिसकेका छन्। कुल ६१ कट्ठा जग्गामा ९ कट्ठा जग्गा (इदगाह र छठघाट पोखरी), १२ कट्ठा पहिले नामसारी भएको र १५ कट्ठा छ वर्षअगाडि नामसारी भएको गरी ३६ कट्ठा जग्गा नामसारी भइसकेको छ ।

शाहको मृत्युपछि कान्छा छोरा प्रफुल्ल विक्रम शाहको नाममा अहिले १५ कट्ठा जग्गा नामसारी भएर आएको छ । पछिल्लो समयमा यो जग्गामा माटो पुर्ने काम सम्पन्न भएको छ र पुराना मानिसहरूबीचको सहकार्य पनि टुटेको छ। सार्वजनिक जग्गाको विवाद सर्वोच्चले टुङ्ग्याएर व्यक्तिविशेषको नाममा फैसला गरेपछि आधा दशकअघि माटो पुर्ने र जग्गा कब्जा गर्ने कार्य शुरू भएको हो। माटो पुर्ने काम सम्पन्न भएको आधा दशकपछि अहिले सो स्थानमा स्व शाहका कान्छा छोराले नापीबाट जग्गा छुट्याएर अपार्टमेन्ट, मल, हस्पिटलगायतका निर्माण योजना बनाएको बुझिन आएको छ ।

**स्थानीयको विरोध**

छपकैया छठघाट पोखरी स्व शाहलगायत उनका नातेदार र विभिन्न व्यक्तिको नाममा दर्ता भए तापनि वर्षौंदेखि सार्वजनिक पोखरी रहेको भन्दै छपकैयाका स्थानीय बासिन्दा बताउँछन्। स्थानीय शेख लालबाबूले आफ्नो बुबाबाजेको पालादेखि सार्वजनिक पोखरी भएको र विद्यार्थी हुँदा नगरपालिकाले माछा पाल्ने गरेको तर २०४७ सालपछि उक्त जग्गा स्व शाहको नाममा गएको सुनेपछि आश्चर्यचकित भएको बताए ।

**विरोध कार्यक्रमहरू साम्य**

छपकैया छठघाट पोखरी सार्वजनिक हुनुपर्ने मागसहित लामो समयसम्म स्थानीयले विरोध गरेका थिए। विभिन्न चरणमा गरिएको विरोधका कारण अहिलेसम्म सो जग्गा दर्ता गराउन सफल भएका व्यक्तिहरूले आफ्नो स्वामित्व कायम गर्न सकेका थिएनन्। तर माटो पुर्नेलगायतका काम सम्पन्न हुँदा पनि स्थानीयसहित यस कार्यको विरोध गर्दै आएका हिन्दुवादी संस्थाहरू अहिले चुप लागेर बस्नुमा आर्थिक लाभ लिएको चर्चा गर्छन्, केही स्थानीय। कुनै पनि हालतमा सार्वजनिक गरी छाड्ने कुरा अहिले कसैको मुखबाट निस्कन सकेको छैन। अझ यो सार्वजनिक छठघाट पोखरीलाई वैधानिकता प्रदान गर्न विभिन्न राजनीतिक दलका नेताहरूको संलग्नता भएपछि उनीहरूनजीकका कार्यकताहरू पनि चुप बसेका छन् । यसअघि स्वस्फूर्तरूपमा विरोध कार्यक्रम गर्नेहरू अहिले यो पोखरीको बारेमा केही सुन्ने, बोल्ने पक्षमा देखिएका छैनन् ।


### ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- ज्येष्ठ नागरिकलाई दया होइन, सम्मान गरौं।
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं ।
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।
- सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |